का.जि.प्र.का.द.नं. १००/०५९/६०
१५ फागुन २०८२
शुक्रबार
27 February 2026
Friday
नेपाल संवत् ११४६
मूल्य रु. ५/-

# मध्यान्ह
राष्ट्रिय दैनिक

इपेपर हेर्नु

वर्ष २४, अंक ३६ । पृष्ठ १० | Madhyanha National Daily | www.madhyanhadaily.com

**कभर स्टोरी**

## प्रचारशैलीमा छलाङ
# पर्चा पन्छाएर एल्गोरिदम

■ जीवन शर्मा र दिवाकर अधिकारी/मध्यान्ह

- **२०८२** भर्चुअल सभा, डिजिटल क्याम्पेन र एल्गोरिदम
- **२०७९** इन्फ्लुएन्सरमार्फत प्रचार र अनलाइन विज्ञापन बुस्ट
- **२०७४** फेसबुक लाइभ र न्युज पोर्टलबाट प्रचार
- **२०७०** टेलिभिजन बहस, फोन हुनेलाई एसएमएस
- **२०६४** सडक नाटक र सांस्कृतिक कार्यक्रममा जोड
- **२०५६** टोल-टोलमा सभा, रेडियो र पत्रिकामा विज्ञापन
- **२०५१** जिपमा घुम्ने, चुनावी गीत घन्काउने
- **२०४८** आमसभा, रेडियो सन्देश र ब्यानर प्रयोग
- **२०१५** हस्तलिखित पर्चा, पोस्टर र भित्तेलेखन


> सात दशकको यात्रामा राजनीतिक दल र नेताहरूले जनताको मन जित्न अपनाएका तरिका निरन्तर परिवर्तन भएका छन् । हस्तलिखित पर्चादेखि एआईले तयार पारेका भिडियोमार्फत मतदाताकहाँ दल र उम्मेदवार पुग्ने शैली देखिएका छन् । चुनावी प्रचारको यो शैलीले समय, प्रविधि र जनअपेक्षाको ऐना देखाएको छ ।

चुनावको प्रचारप्रसार एवं मतदाता शिक्षाका लागि निर्वाचन आयोगले टिकटक भिडियो प्रतियोगिता आयोजना गरेको छ । प्रतियोगितामा पहिलो हुनेलाई ५० हजार, दोस्रोलाई ३० हजार र तेस्रो हुनेलाई २० हजार रुपैयाँ प्रदान गरिनेछ । भ्युजका आधारमा पुरस्कार प्रदान गरिनेछ ।

अर्थात्, जसको बढी भ्युज गयो उही पहिलो । यो पछिल्लो निर्वाचन प्रचार शैलीको एउटा उदाहरण हो । निर्वाचन आयोगको जस्तै चुनावी प्रचारशैली राजनीतिक दल र उम्मेदवारहरूको छ । अनि मतदाता पनि जसको बढी भ्युज छ उही उम्मेदवार सही होलान् भनेर भर्चुअल गफ गरिरहेका छन् ।

भर्चुअल सभा र भर्चुअल गफ गरिरहेका मतदातामाझ उम्मेदवारहरू डिजिटल क्याम्पेन र एल्गोरिदममार्फत पुगिरहेका छन् । सात दशक अगाडि अहिलेको अवस्थाको कल्पनासम्म थिएन ।

नेपालमा पहिलो पटक २०१५ सालमा पहिलो पटक संसदीय चुनाव भएको हो । त्यसबेला मतपत्रको व्यवस्था समेत थिएन । 'बीपी-महेन्द्र टकराव' पुस्तकका अनुसार पहिलो संसदीय चुनावमा जति उम्मेदवार थिए त्यति नै संख्यामा चुनाव चिह्न थिए । मतदान केन्द्रमा हरेक पार्टी र उम्मेदवारका चुनाव चिह्न टाँसिएका मतपेटिका लहरै राखिएका हुन्थे । 'पहिलो निर्वाचन लेखिए'को



## डिजिटल चुनावी प्रचार

*देश चुनावमय बन्दै जाँदा निर्वाचनको प्रचार शैली पनि फेरिएको छ । राजनीतिक दल तथा उम्मेदवारहरूले पर्चा, पम्प्लेट, तुल ब्यानर, भाषण, भित्ते लेखनलगायतको प्रचार शैली बदलेर सामाजिक सञ्जाललाई प्रचारको प्रमुख माध्यम बनाएका छन् । मतदाता आकर्षित गर्न र आफ्नो एजेन्डा जनतालाई सुनाउन सामाजिक सञ्जालका विभिन्न प्लेटफर्म प्रयोग गर्दै आएका उम्मेदवारले सामाजिक सञ्जाल व्यवस्थापन तथा सञ्चलानका लागि टिम नै खडा गरेका छन् । कतिपय अवस्थामा आर्टिफिसियल इन्टेलिजेन्स (एआई) को प्रयोग गरेर कुप्रचार गर्नका लागि बनाइएका त्यस्ता सामग्रीहरू पहिचान गर्न नसक्दा भने मतदाताहरू भ्रममा पर्ने खतरा बढेको छ ।*



"सबैभन्दा छिटो र प्रभावकारी प्रचारको माध्याम नै सामाजिक सञ्जाल बनेकाले हामीले त्यसलाई सही ढंगले उपयोग गरेर जनतामाझ आफ्नो एजेन्डा पस्किएर मत दिन अपिल गरेका छौं ।"
● **देवराज चालिसे**
प्रवक्ता, कांग्रेस



"पार्टी र उम्मेदवारका फेसबुक पेज बनाएर पेजबाटै प्रत्यक्ष प्रसारण गर्ने गरिएको छ, हाम्रा गतिविधि देशभरका नागरिकमाझ पुऱ्याउन र सबैलाई जोड्न एउटा बलियो माध्याम सामाजिक सञ्जाल बनेको छ ।"
● **प्रतिभा रावल**
सहप्रवक्ता, रास्वपा



"हाम्रा एजेन्डा जनतामाझ लैजानेक्रममा प्रत्यक्ष भेटेर पनि भन्ने गरेका छौं । त्यो भन्दा प्रभावकारी माध्याम सामाजिक सञ्जालका विभिन्न प्लेटफर्महरूलाई पूर्ण उपयोग गरेका छौं ।"
● **मीनबहादुर शाही**
प्रचार विभाग प्रमुख, एमाले

विस्तृत समाचार पृष्ठ २ मा

# चुनावी सकसमा विष्णु पौडेल

चुनावी विश्लेषण
**रुपन्देही-२**



**जनक नेपाल / मध्यान्ह**
काठमाडौं, १४ फागुन

जबजब नेकपा एमालेका उपाध्यक्ष विष्णु पौडेल अर्थमन्त्री हुन्छन्, बजेटजति रुपन्देहीमा खन्याए भन्ने आरोप लागिरहन्छ । विकास सन्तुलनको कोणबाट हेर्दा त्यो आरोप स्वभाविक पनि हो । पटक-पटक मन्त्री बनेर पौडेलले रुपन्देहीमा अन्तर्राष्ट्रिय विमानस्थलदेखि बुटवल अन्तर्राष्ट्रिय सम्मेलन केन्द्र, स्थायी प्रदर्शनी स्थल, सिद्धबाबा सुरुङमार्ग, सडक सञ्जाललगायतका ठूला आयोजना भित्र्याए । तर, उनै पौडेललाई यसपटक रुपन्देही क्षेत्र नं. २ बाट चुनाव जित्न हम्मे-हम्मे परिरहेको विश्लेषण भइरहेको छ ।

एक लाख ३५ हजार मतदाता रहेको यो निर्वाचन क्षेत्रमा बुटवल उपमहानगरपालिकाका १३ वडा, तिलोत्तमा नगरपालिकाका ६ वटा र सैनामैना नगरपालिकाका ४ वटा वडाहरु पर्छन् । २०५१ सालको मध्यावधि निर्वाचनमा पाल्पा क्षेत्र नम्बर ३ बाट चुनाव जितेर संसदीय राजनीतिमा आएका पौडेल त्यसयता निरन्तर यहीँबाट चुनाव लड्दै आएका छन् । २०५६ सालको निर्वाचनमा नेपाली कांग्रेसका सूर्यप्रसाद प्रधानसंग झिनो मतान्तरले पराजित भएबाहेक उनले हार व्यहोर्नुपरेको छैन । पहिलो संविधानसभा निर्वाचनमा एमालेले देशभर धक्का व्यहोर्दा पनि पौडेलले चुनाव जितेका थिए । २०७० र २०७४ सालका निर्वाचनमा उनलाई चुनाव जित्न खासै गाह्रो भएन । २०७० मा पूर्वप्रधानमन्त्री डा. बाबुराम भट्टराईलाई समेत पौडेलले पराजित गरेका थिए । उनै पौडेललाई २०७९ को चुनावी नतिजाले भने नराम्ररी झस्काइदियो । सो चुनावमा रुपन्देही-२ मा एमालेभन्दा झन्डै ४ हजार धेरै समानुपातिक मतसहित रास्वपा पहिलो शक्तिका रुपमा उदाएको थियो । एमाले उपाध्यक्ष विष्णु पौडेलले १ हजार ३ सय ७० मतको अन्तरले चुनाव जित्दा निकटतम् प्रतिद्वन्द्वी रास्वपाकै गणेश पौडेल थिए ।

यसपटक रुपन्देही-२ को चुनावी मैदानमा पौडेलसँगै नेपाली कांग्रेसका चुन्नप्रसाद पौडेल, रास्वपाका सुलभ खरेल, नेपाली कम्युनिष्ट पार्टीबाट सुवास पाण्डे (विश्वदीप) र स्वतन्त्र उम्मेदवार डा. निकोलस »» पृष्ठ २ मा

फागुन २१
६ दिन बाँकी

**वैदेशिक रोजगार विशेष**

# युएईका ऐन कानुन पालना गर्न नेपालीलाई दूतावासद्वारा पुनः ध्यानाकर्षण

**मध्यान्ह संवाददाता**
काठमाडौं, १४ फागुन

संयुक्त अरब इमिरेट्स (युएई)स्थित नेपाली राजदूतावासले सचेत भई युएईका ऐन कानुन पालना गर्न त्यहाँ रहेका नेपालीलाई पुनः ध्यानाकर्षण गराएको छ ।

गत भदौमा नेपालमा भएको जेनजी आन्दोलनपछि युएई प्रशासन नेपालीप्रति बढी सजग भइरहेको अवस्थामा राजदूतावासले त्यहाँ रहेका नेपाली कामदार तथा अन्य पेसा व्यवसाय गरेर बसेका नेपालीलाई सचेत गराएको हो ।

हाल ४ लाख बढी नेपाली कार्यरत रहेको युएईमा गत भदौको जेनजी आन्दोलनमा नेपालको सार्वजनिक सम्पत्तिमा व्यापक क्षति पुगेपछि नेपाली समुदायलाई हेर्ने दृष्टिकोण नै परिवर्तन भएको बताइएको छ । त्यसअघिसम्म मादक पदार्थ अत्यधिक पिउने विदेशीको नजरले हेरेको युएईले हाल नेपालीलाई उद्दण्ड र अराजकको दृष्टिकोणले हेर्ने गरेको बताइन्छ । »» पृष्ठ २ मा

## ४ दर्जन राहदानीसहित एयरपोर्टबाट एक महिला पक्राउ

काठमाडौं/मस- करिब ४ दर्जन राहदानीसहित नयाँ दिल्ली जान लागेकी एक महिला पक्राउ परेकी छन् । भुटान एयरलायन्सको बी३ ७७३ नम्बरको उडानमार्फत काठमाडौंबाट दिल्ली जान लागेकी ४५ वर्षीया तारा चन्द चौधरीलाई त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थल सुरक्षा कार्यालयले पक्राउ गरेको हो ।

उनीमाथि थप अनुसन्धान गर्न काठमाडौं उपत्यका अपराध अनुसन्धान कार्यालय पठाइएको छ । उनले भिसा प्रयोजनका लागि ती राहदानी आफूले साथमा राखेको बताएकी छन् । तर उनले सरकारी अनुमति नलिएको बताइएको छ ।

**मलेसियामा पुरुष कामदारहरूको लागि वैदेशिक रोजगारको अवसर**

कम्पनी : PT SWIFT MARKETING SDN BHD | शहर : JALAN
पूर्व स्वीकृत मिति: २०८२/११/१४ | चलानी नं.: ६०२५३०४१ | L.T. No.:339647

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब RM | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Agriculture | 122 | 0 | स. काममा दक्ष | 1700 | ६३,४४४ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | ३ वर्ष |

**अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८२ फागुन २५ गते (9 March 2026) मा हुनेछ ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्योर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्योर्ने | स्वदेशमा गरिने म्याद्दे जीवन बिमा कस्ले व्योर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्योर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्योर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्योर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्योर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. २५९६ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. २१०० कामदारले | रु. १,५०० कामदारले | नि:शुल्क |

**Rasuwa Overseas Pvt.Ltd.**
एयरपोर्ट, कालिमाटीडोल, काठमाडौं, नेपाल । Tel No: 01-5906448/5906439.
श्रम इजाजत नं. ११३०/०७३/०७४
E-mail : info@rasuwaoverseas.com, rasuwaoversease@gmail.com Web.: www.rasuwaoverseas.com
Mobile No: Dinesh Lama: 9851354485, Dawa Lama: 9742546470,
Suresh Lama: 9801300074, Raju Lama: 9801300071, Sunil Timilsina: 9801300072.

मध्यान्ह
www.madhyanhadaily.com
१५ फागुन २०८२ शुक्रबार
27 February 2026 Friday

कभर स्टोरी

# पर्चा पन्छाएर एल्गोरिदम

एउटा सानो कागजको टुक्रा मतदातालाई दिइन्थ्यो । मतदाताले आफूले मन पराएको उम्मेदवारको चुनाव चिह्न टाँसिएको बाकसमा खसाल्थे । कतिपयले ती कागज बाकसबाहिरै छाडेर हिँडेका थिए । जसलाई बदर मत भनियो ।

२००७ सालमा प्रजातन्त्र आएपनि संसदीय चुनाव हुन ८ वर्ष कुर्नुपर्‍यो । चुनाव आएपछि राजनीतिक दल र उम्मेदवार हस्तलिखित पर्चा र पोस्टर लिएर मतदाताकहाँ पुग्थे वा गाउँगाउँमा पठाउँथे । सहरी क्षेत्रमा दल र उम्मेदवारको पक्षमा भित्तेलेखन गरिन्थ्यो ।निर्वाचन आयोगले समेत भित्तेलेखन गरेर मतदानको तरिका सिकाउँथ्यो । मतपेटिका बाहिर कागज खसाल्न नहुने भित्तेलेखन मार्फत दिइन्थ्यो । अहिले बदर मत हुन नदिन के कस्ता विषयमा सतर्क हुनुपर्छ भनेर निर्वाचन आयोगले टिकटकमा भिडियो बनाएर प्रचार गरिरहेको छ ।

२०१७ सालमा प्रजातन्त्र खोसियो र पञ्चायती व्यवस्था सुरु भयो । पञ्चायतमा पनि चुनाव हुन्थ्ये । विस्तारै तिनका शैली बदलिँदै आए । २०४६ सालमा प्रजातन्त्र पुर्नबहाली भएपछि राजनीतिक दलहरू समेत खुलेर चुनावी प्रचारमा हिँडे । २०४८ मा संसदीय निर्वाचन भयो । त्यसबेला राजनीतिक दल र उम्मेदवार आमसभामार्फत चुनावी प्रचारमा जुटे । रेडियो सन्देश र ब्यानर प्रयोग बढ्यो ।

बहुदलीय उत्साह थियो । ३० वर्षे पञ्चायत व्यवस्था समाप्त भएपछि २०४८ सालको आमनिर्वाचनले नयाँ ऊर्जा ल्यायो । गाउँ-सहरका भित्तामा चुनाव चिन्ह र नारा लेख्ने पनि प्रतिस्पर्धा चल्यो । त्यसबेला मुख्य प्रतिस्प्रर्धी दलमा नेपाली कांग्रेस र नेकपा एमाले थिए । कांग्रेसले बहुमत ल्यायो र सरकार बनायो । तर, प्रतिनिधिसभा पुरै कार्यकाल चल्न सकेन । २०५१ मा मध्यावधि चुनाव भयो । त्यसबेला प्रचार शैलीमा केही बदलिए । जिपमा गाउँ गाउँमा पुग्ने र घुम्ने, चुनावी गीत घन्काउने शैलीलाई धेरैले पच्छ्याए । अझै पनि यो शैली कतिपयमा देखिन्छ ।

त्यसबेला स्थिर सरकारको नारा प्रमुख बन्यो । गठबन्धनको सम्भावना र अंकगणितीय बहस प्रचारको विषय बन्यो । प्रचार बढी नेता-केन्द्रित भए । प्रचार रणनीति भावनाभन्दा बढी राजनीतिक गणितमा केन्द्रित भयो ।

२०५६ सालमा संसदीय चुनाव हुँदा टोल-टोलमा सभा गर्ने शैली बढ्यो । रेडियो




र पत्रिकामा विज्ञापन गर्नेहरू बढे । अहिले न्यूज पोर्टलमा विज्ञापन गरे जस्तो त्यसबेला रेडियो र पत्रिकामा विज्ञापन गर्नेहरू पहुँचवाला हुन्थ्ये । मतदाता तिनैलाई प्रभावशाली मान्दथे ।

२०६४ सालको संविधान सभामा सडक नाटक र सांस्कृतिक कार्यक्रममा जोड दिने शैली विस्तार भयो । १० वर्षे सशस्त्र युद्धबाट आएको माओवादी संसदीय राजनीतिमा सरिक भएको थियो । उसले राजनीतिक चेतना सहितका सडक नाटक र सांस्कृतिक कार्यक्रमलाई जोड दियो । अन्यले पनि पच्छ्याए ।

२०७० सालको दोस्रो संविधान सभाको निर्वाचन हुँदा टेलिभिजन बहसले प्राथमिकता पायो । कस्तो संविधान बनाउँदा के हुन्छ भनेर तर्कहरू प्रस्तुत गरिए । चुनावी प्रचारमा राजनीतिक दल र उम्मेदवारले फोन हुनेलाई एसएमएस पठाउने शैली अपनाए ।

२०७४ सालको संसदीय चुनावमा फेसबुक लाइभ र न्यूज पोर्टलबाट प्रचार गर्ने शैली विस्तार भयो । २०७९ सालसम्म आइपुग्दा डिजिटल प्रभाव निकै बढिसकेको थियो । दल र उम्मेदवारले इन्फ्लुएन्सरमार्फत प्रचार गर्ने, अनलाइन विज्ञापन बुस्ट गर्ने तरिका अपनाए ।

असन्तोषको अभिव्यक्ति निर्वाचनमा देखिए । स्वतन्त्र उम्मेदवार बढे । भ्रष्टाचारविरोध, सुशासन र रोजगारी मुख्य मुद्दा बने । युवापुस्ताको सक्रियता उल्लेखनीय रह्यो । सामाजिक सञ्जालमा सूचनाको बाढी आयो । तर, निर्वाचनको केही महिना अगाडि जन्मिएको रास्वपा चौथो दलको रुपमा उदायो । अर्थात्, त्यसबेला परिवर्तनको मनोविज्ञान र असन्तोषको राजनीतिक अभिव्यक्ति थियो । यो अहिले पनि छ । २०८२ सालमा आइपुग्दा चुनावी बहसका लागि व्यक्ति-व्यक्तिका बीचमा भेट गरिरहनुपर्ने आवश्यकता नै रहेन । छोटा भिडियोको प्रभुत्व छ । डिजिटल सन्देश, डेटा-आधारित रणनीति उम्मेदवारका छन् । भर्चुअल सभा चलिरहेका छन् । डिस्कर्डमा कुन दल र उम्मेदवार कस्ता भनेर मानिसहरू बहस गरिरहेका छन् । राजनीतिक दल र उम्मेदवारहरू पनि डिजिटल क्याम्पेन गरिरहेका छन् । एल्गोरिदममार्फत मतदाताकहाँ कसरी पुग्ने र मन जित्ने भन्ने ध्यय राजनीतिक दल र उम्मेदवारमा छ ।

अर्थात्, निर्वाचन केवल सरकार बदलिने अवस्था मात्रै होइन, प्रचार शैली बदलिने इतिहास पनि हो । सात दशकको यात्रामा राजनीतिक दल र नेताहरूले जनताको मन जित्न अपनाएका तरिका निरन्तर परिवर्तन भएका छन् । हातले लेखिएको हस्तलिखित पर्चादेखि कृत्रिम बुद्धिमत्ता एआइले तयार पारेका भिडियोमार्फत मतदाताकहाँ दल र उम्मेदवार पुगेका छन् । चुनावी प्रचारको यो शैलीले समय, प्रविधि र जनअपेक्षाको ऐना देखाएको छ ।

# डिजिटल चुनावी प्रचार

नेपाली कांग्रेसका सभापति गगनकुमार थापाले चुनावी प्रक्रिया सुरु भएयता सामाजिक सञ्जालको उपयोग गर्दै एक दर्जनभन्दा बढी भिडियोमार्फत मतदातालाई आफ्नो पक्षमा मतदान गर्न अपिल गरे । विशेष महाधिवेशनबाट सभापति हुनुअघि पनि उनी यस्ता सामग्रीहरू नियमित प्रवाह गर्थे । जेनजी आन्दोलनपछिको अस्तव्यस्तामा पनि उनले सबैभन्दा पहिले सामाजिक सञ्जालबाट आफ्नो धारणा सार्वजनिक गरेका थिए ।

काठमाडौं महानगरपालिकाको मेयर जित्नका लागि तत्कालीन स्वतन्त्र उम्मेदवार बालेन्द्र शाह (बालेन)ले सामाजिक सञ्जालको भरपुर प्रयोग गरेका थिए । सामाजिक सञ्जालकै प्रभावले उनलाई स्वतन्त्र उम्मेदवार भई मेयर जित्न सहज भयो । बालेन अहिले झापा क्षेत्र नं. ५ बाट उम्मेदवार बनेका छन् । उनी आफ्नो 'कन्टेन्ट क्रियटर' टिमसहित चुनावी प्रचारमा छन् । उनकै समूहले तयार पारेको भिडियो र तस्बिरले सामाजिक सञ्जाल रंगिदैआएको छ । मेयर हुँदा वा त्यहाँबाट बाहिरिएपछि पनि उनी आमसञ्चारमाध्यमसँग खासै बोलेनन् । तर कहिलेकहीँ सामाजिक सञ्जालमा लेखेका स्टाटसले नै लाखौंको ध्यान खिच्थ्यो । मुलधारका मिडियाले समेत उनको स्टाटसलाई स्रोत बनाएर समाचार बनाउँथे ।

जेनजी आन्दोलनपछि रक्षात्मक बनेका तत्कालीन सरकारका प्रधानमन्त्री एवं एमाले अध्यक्ष केपी शर्मा ओली पनि डिजिटल माध्यममार्फत आफ्ना धारणा दिइरहेका छन् । एमालेले चुनावी सभाभन्दा डिजिटलमाध्यमबाटै चुनावी प्रचार अघि बढाएको छ । अहिले दिनहुँजसो एमालेका इमोशनल भिडियोहरु आइरहेका छन् । उता, नेपाली कम्युनिष्ट पार्टीका संयोजक पुष्पकमल दाहाल प्रचण्ड रुकुम पूर्वका गाउँबस्ती चहारेर मत मागेका भिडियो आइरहेका छन् ।

देश प्रतिनिधिसभा निर्वाचनमय बन्दै जाँदा निर्वाचनको प्रचार शैली पनि फेरिएको छ । राजनीतिक दल तथा उम्मेदवारहरूले पर्चा, पम्प्लेट, तुल ब्यानर, भाषण, भित्ते लेखनलगायतको प्रचार शैली फेरेर सामाजिक सञ्जाललाई नै प्रमुख माध्याम बनाएका छन् । मतदातालाई आकर्षित गर्न र आफ्नो एजेन्डा जनतालाई सुनाउन सामाजिक सञ्जालका विभिन्न प्लेटफर्म प्रयोग गर्दै आएका उम्मेदवारले सामाजिक सञ्जाल व्यवस्थापन तथा सञ्चालनका लागि टिम नै खडा गरेका छन् ।

अघिल्ला निर्वाचनभन्दा यस पटकको चुनावी प्रचार प्रसारलाई ठुला-साना सबै दलका उम्मेदवारले बढीभन्दा बढी सामाजिक सञ्जाल प्लेटफर्मको उपयोग गरेको बताएका छन् । यो अभियानमा राष्ट्रिय रास्वपा सबैभन्दा अगाडि छ । त्यस्तै, कांग्रेस, एमाले, नेपाली कम्युनिष्ट पार्टी, राप्रपा, श्रम संस्कृति, उज्यालो नेपाललगायत दल तथा स्वतन्त्र उम्मेदवारले सामाजिक सञ्जाललाई भरपुर उपयोग गर्दै आएका छन् । दलहरूले प्राविधिक युवा जनशक्तिलाई उपयोग गर्दा हजारौं कन्टेन्ट क्रियटरहरूले समेत काम पाएका छन् ।

यसअघिका निर्वाचनमा उम्मेदवार तथा पार्टीका कार्यकर्ता मतदाताको घरदैलोमा हिँडेर मत माग्ने, आफ्ना कागजी प्रचार सामग्रीहरू छर्ने, तुल (ब्यानर) झुन्डाउने, माइकिङ गर्ने चलन थियो




भने अहिले त्यो निकै कम भइसकेको छ । त्यसको सट्टा लाखौं खर्च गरेर सामाजिक सञ्जालमार्फत नै मतदातालाई प्रभावित बनाउने, मत माग्ने, आफ्ना एजेन्डा राख्ने, प्रतिवाद र आलोचनासहित सबै गतिविधि गर्ने गरेका छन् ।

सञ्जालमा आफ्ना कार्यकर्ता र समर्थकहरूमार्फत भिडियो र प्रचार सामग्री सेयर गराउन उम्मेदवारहरूले बढी जोड दिएको पाइन्छ । त्यसरी हेर्दा चुनावी प्रचार शैलीमा भौतिकभन्दा अभौतिक विधिले व्यापकता पाएको देखिन्छ । सूचना तथा सञ्चार प्रविधिमा आएको विकासले चुनावी प्रचार शैलीमा मात्रै परिवर्तन आएको छैन आम मतदाताको शिक्षा र चेतनास्तरमा पनि आमूल परिवर्तन आएको छ । यसले पुराना दल र नेताहरू विस्तारै प्रविधिमैत्री बन्दै गएका छन् भने नयाँ दल र नेताहरूको लोकप्रियता बढाएको छ ।

गत भदौ २३ मा भएको जेनजी आन्दोलनकोको सूरूवात नै सामाजिक सञ्जाल प्लेटफर्म अर्न्तगतको डिस्कर्ड मार्फत आब्हान भएको थियो । नेपालमा सामाजिक सञ्जाल प्रतिबन्ध, नातावाद र भ्रष्टाचारको विरुद्धमा जेनजी पुस्ताले देशव्यापी आन्दोलन सुरु गरेको थियो । त्यसबेला सरकारले फेसबुक, इन्स्टाग्राम, र ट्विटर (एक्स) जस्ता २६ भन्दा बढी प्रमुख सञ्जाल प्लेटफर्म प्रतिबन्ध लगाएपछि युवाहरूले रेडिट र डिस्कर्ड प्रयोग गरी यसको सुरुवात गरेका थिए । सोही आन्दोलनले देशको शासनसत्ताकै उलटफेर ल्याएपछि यसको प्रयोगले अझ व्यापकता पाएको छ । यसको प्रभाव फगुन २१ को निर्वाचमा प्रत्यक्ष परेको देखिन्छ । आमसभा र ठुला-ठूला तुल ब्यानरसहितको प्रचार सामग्रीमा हुने खर्चसमेत पछिल्लो समय सामाजिक सञ्जामै हुने गरेका छन् । उम्मेदवार र राजनीतिक दलहरूले आफ्ना प्रचार सामग्री पोस्ट गरेर बुस्टिङ गर्ने, निर्वाचन क्षेत्र केन्द्रित मतदातासँग आफ्नो अपिल र योजना पुग्ने गरी बुस्टिङ गर्ने गरिरहेका छन् ।

सामाजिक सञ्जाल युट्युबमार्फत विभिन्न कार्यक्रम चलाएर आफ्नो सामाजिक प्रतिष्ठा बढाएका रवि लामिछानेले ३ वर्षअघि राष्ट्रिय स्वतन्त्र पार्टी खोलेका थिए । अहलि देशकै ठुलो दल बन्ने योजना बनाएको उक्त पार्टीका अधिकांश नेता कार्यकर्ता सामाजिक सञ्जालबाटै नागरिकलाई प्रभावित बनाउन व्यस्त छन् । निर्वाचन क्षेत्रको प्रचार गर्न हरेक दल र उम्मेदवारले प्रचार डेस्क नै स्थापना गरी सामाजिक सञ्जालको व्यापक प्रयोग गरिरहेका छन् । नेपाली कांग्रेसले पार्टी कार्यालय सानेपामा स्टुडियोसहितको मिडिया डेस्क बनाएको छ । त्यहीँबाट कांग्रेसले देशभरका उम्मेदवारको फोटो, भिडियोसहितका कन्टेन्ट बनाएर प्रवाह गरिरहेको छ । कांग्रेसका प्रवक्ता देवराज चालिसेले बदलिएको कांग्रेसले देश बदल्ने अभियानसहित मतदातामाझ मन जित्ने प्रयास गरिएको बताए । 'हामी देशभरको माहोल कांग्रेसको पक्षमा ल्याएर एकल सरकार बनाउने गरी लागेका छौं', उनले मध्यान्हसँग भने, ' त्यसका लागि प्रचार शैली पनि फेरिएको छ । अहिलेको जनतामाझ सबैभन्दा छिटो र प्रभावकारी प्रचारको माध्याम नै सामाजिक सञ्जाल बनेको छ । त्यसलाई हामीले पनि सही ढंगले उपयोग गरेका छौं ।'

यद्यपि कतिपय अवस्थामा सामाजिक सञ्जालबाट प्रतिस्पर्धी दल र उम्मेदवारका बारेमा द्वेष र घृणा फैलाउने कामसमेत भइरहेकाले यसप्रति भने जिम्मेवार दल र तीनका कार्यकर्ताहरू सचेत हुनुपर्ने उनको भनाइ छ । बालबालिकादेखि वृद्धसम्मले सामाजिक सञ्जाल फेसबुक, युट्युब, टिकटकमा आएको भिडियोको आधारमा दल र उम्मेदवार छानेर मतदान गर्ने समय आइसकेको छ । कतिपय अवस्थामा आर्टिफिसियल इन्टेलिजेन्स (एआई)को प्रयोग गरेर कुप्रचार गर्नका लागि बनाइएका त्यस्ता सामग्रीहरू पहिचान गर्न नसक्दा मतदाताहरू भ्रममा पर्ने खतरा पनि त्यत्तिकै छ ।

निर्वाचन आयोगले जारी गरेको निर्वाचन आचारसंहिताअनुसार उम्मेदवार, राजनीतिक दल, समर्थक तथा प्रचार टोलीले निश्चित सीमा र मर्यादाभित्र रहेर मात्रै चुनाव प्रचार गर्नुपर्ने व्यवस्था गरिएको छ । आचारसंहिताले प्रचारको स्वरूप मात्र होइन, खर्च, भाषा, सामग्री र माध्यमसमेत स्पष्ट रूपमा नियमन गरेको छ । यो विषय कांग्रेस प्रष्ट भएर निर्वाचन प्रचारका सामग्रीहरू उत्पादन तथा प्रसारण गर्दै आएको प्रवक्ता चालिसेले दाबी गरेका छन् । मतदाताले मोबाइलबाटै चुनावी गतिविधि हेर्ने समय आएकाले आफ्ना उम्मेदवारलाई मतदान गर्न अपिल गर्ने र आफ्ना एजेन्डालाई सहजरूपमा जनतामाझ पुर्‍याउन सामाजिक सञ्जालको भरपुर उपयोग गरेको उनले बताए ।

निर्वाचन आयोगले पनि जुनसुकै सञ्जालबाट चुनाव प्रचार गर्न पाउने प्रावधान जारी गरेको छ । तर यसमा कति मात्रामा गर्ने ? कस्ता सामग्री प्रचार गर्न पाउने ? प्रष्टरुपमा उल्लेख गरेको छ । सामाजिक सञ्जालमार्फत चुनाव जित्ने रणनीति दल र नेताहरूले अपनाउँदा पछिल्लो समय साइबर सुरक्षामा पनि उत्तिकै चुनौती थपिएको छ ।

निर्वाचन आयोगले यस पटक ७७ वटै जिल्लामा नेपाली सेनालाई यसको अनुगमन गर्ने जिम्मा दिएको छ । सामाजिक सञ्जालको दुरुपयाग निरुत्साहन गर्न कडाइका साथ प्रस्तुत हुने आयोगका प्रवक्ता नारायण भट्टराइले बताए । उनले भने, 'साइबर सुरक्षाका लागि भनेर सोसियल मोनिटरिङ टुल पल्स भन्ने सफ्टवेयर नै आयोगमा राखिएको छ । उक्त प्रणालीले सामाजिक सञ्जालमा आचारसंहिताविरुद्ध हुने शब्दहरू र भिडियोहरूलाई निगरानी गर्दछ ।'

नेकपा एमालेले पनि आफ्नो चुनावी अभियानलाई व्यापक बनाउन सामाजिक सञ्जाल प्लेटफर्मको भरपुर प्रयोग गरेको जनाएको छ । पार्टीका प्रचार तथा प्रकाशन विभाग प्रमुख मीनबहादुर शाहीले एमालेका उम्मेदवारलाई मतदान गर्न अपिल गर्ने र उम्मेदवार तथा पार्टीका विचार, प्रतिबद्धताहरू सामाजिक सञ्जाल प्लेटफर्म मार्फत जनतामाझ पुर्‍याउने काम गरेको बताए । 'एमाले यो देशको रीष्ट्रय शक्ति भएमात्रै देशका तममा समस्या समाधानमा काम गर्न सकिन्छ', उनले भने, 'ती समस्या समाधानमा हाम्रा आगामी एजेन्डालाई जनतामाझ लैजाने क्रममा प्रत्यक्ष भेटेर पनि भन्ने गरेका छौं । त्यो भन्दा प्रभावकारी माध्याम सामाजिक सञ्जालका विभिन्न प्लेटफर्महरूलाई उपयोग गरेका छौं ।' सबैको घरमा इन्टरनेट, हातहातका मोबाइल भएको र मोबाइलबाटै देशभरीका चुनावी गतिविधि जनताले हेरेर मतदानको निर्णय लिने भएकाले पहिलाजस्तो भौतिक प्रचार सामग्रीलाई कम गर्दै आएको शाहीले बताए ।

यस्तो प्रचारमा पुराना दल र पुराना उम्मेदवारहरू भन्दा नयाँहरूले बढी सक्रिय छन् । प्रविधिमैत्री उम्मेदवारले आफ्नो चुनावी प्रचारको टिमसमेत प्रविधिमा खेल्नसक्ने बनाएका छन् । यसमा सबैभन्दा बढी राष्ट्रिय स्वतन्त्र पार्टी र सो दलका उम्मेदवार रहेका छन् । सामाजिक सञ्जालबाटै प्रभाव बनाएर उदाएको यो दलका अधिकांश उम्मेदवारहरू प्रविधिमैत्री र प्रचारबाजीमा रमाउने छन् । उनीहरूका हरेक गतिविधि आफ्नो फेसबुक पेज, ट्वीटर, इन्टाग्राम, टिकटक र फेसबुक ग्रुपहरू बनाएर प्रचार गर्ने गरेका छन् । 'हामीले आफ्ना गतिविधिलाई देशभका नागरिकमाझ पुर्‍याउन प्रविधिको प्रयोग गरेका छौं', रास्वपाकी सहप्रवक्ता प्रतिभा रावलले भनिन्, 'पार्टी र उम्मेदवारका फेसबुक पेज बनाएर पेजबाटै प्रत्यक्ष प्रसारण गर्छौं । सबैलाई जोड्न एउटा बलियो माध्याम सामाजिक सञ्जाल बनेको छ ।'

रास्वपाले चुनाव चिह्न घण्टीकै नाममा वेबसाइट बनाएर मोबाइल हल्लाउँदा घण्टी बज्ने प्रविधिको विकास गरेका छन् । रास्वपाका सभापति रवि लामिछाने भन्दा वरिष्ठ नेता बालेनको सामाजिक सञ्जालमा अझै बढी क्रेज छ । रवि र बालेनका नामम सयौं फेसबुक पेज तथा ग्रुपहरू तयार गरिएको छ । त्यस्तै कांग्रेसका सभापति गगन थापा, उपसभापति विश्वप्रकाश शर्मा, एमालेका अध्यक्ष केपी शर्मा ओली, महासचिव शंकर पोखरेल, नेकपाका संयोजक पुष्पकमल दाहाल 'प्रचण्ड'लगायतका नेताहरूका नाममा ग्रुपहरू खोलिएका छन् । त्यस्ता ग्रुपहरूका हजारौं, लाखौं फ्यान/फलोअर्स छन् । त्यही भएर पनि उनीहरूले गरेका पोस्ट र ट्वीटहरू लाखौं व्यक्तिले हेरेका हुन्छन् । तीनै सामग्रीलाई नेपाली मिडियाले समेत पछ्याउँदै स्रोतका रूपमा प्रयोग गर्दै आएका छन् ।

**चुनावी...**

भुसालसहित ३९ जना उम्मेदवार प्रतिस्प्रर्धामा छन् । खास चर्चा भने एमाले उपाध्यक्ष पौडेल र रास्वपाका खरेलबीच छ ।एमाले उपाध्यक्ष पौडेलले यसपटक अघिल्ला चुनावभन्दा ठूलो चुनौती सामना गर्नुका केही खास कारणहरु छन् । पहिलो, यो चुनाव भदौं २३ र २४ को जेनजी आन्दोलनलाई पृष्ठभूमिमा राखेर हुँदैछ । आन्दोलन र विध्वंसका क्रममा ठूलो मानविय तथा भौतिक क्षति हुँदा तत्कालीन सरकारको नेतृत्व एमाले अध्यक्ष केपी शर्मा ओलीले गरेका थिए । उनको क्याबिनेटमा अर्थमन्त्री थिए, बिष्णु पौडेल । सोही कारण सिंगो एमाले मात्र होइन्, पौडेल पनि यसपटकको चुनावमा रक्षात्मक बनेका छन् । जसका कारण एमाले कार्यकर्ता तथा समर्थक खुलेर भोट माग्न सकिरहेका छैनन् । पार्टी प्रचारको रणनीति नै फेरेर चुनावमा गएको छ ।

अर्को कारण, रुपन्देही एमालेको आन्तरिक विवादले पनि पौडेललाई अप्ठेरोमा पारेको छ । स्थानीय नेताबीच गुटबन्दीमा उनले एउटा पक्षलाई काखी च्याप्ने गरेको आरोप उनीमाथि लाग्दैआएको छ । चुनावी प्रतिस्पर्धा चर्को भएपछि पौडेलले धेरै मेहनत गरेर आन्तरिक विवाद भने मिलाइसकेका छन् । पौडेल दबाबमा पर्नुको मुख्य कारण भने यस चुनावमा रास्वपाप्रति आएको लहर हो । त्यसो त, अघिल्लो चुनावमै रास्वपाले रुपन्देहीमा राम्रो मत ल्याएको थियो । राप्रपासँगको तालमेलले मात्र एमाले क्षेत्र नं. १, २ र ५ मा विजयी भएको थियो । तैपनि, क्षेत्र नं. ४ बाहेक सबैजसो क्षेत्रमा समानुपातिकतर्फ उल्लेख्य मत प्राप्त गरेको थियो । क्षेत्र नं. २ मा त रास्वपा सबैभन्दा लोकप्रिय दल बनेको थियो ।

गत चुनावमै राम्रो प्रतिस्पर्धा गरेको रास्वपा यसपटक जसरी भए पनि जित निकाल्ने रणनीतिमा देखिन्छ । सहकारी ठगी प्रकरणमा सभापति रवि लामिछाने लामो समय रुपन्देही कारागारमै बसेका थिए । त्यहीबेलादेखि मिसन-२०८४ को तयारी गरेको रास्वपाले जेनजी आन्दोलनले दुई वर्षअघि नै अवसर आएको ठानेको छ । त्यसैले यसपटक रवि र बरिष्ठ नेता बालेन्द्र शाहले रुपन्देहीको चुनावी माहौल आफ्नो पक्षमा पार्न मेहनत गरिरहेका छन् । अहिलेसम्म रुपन्देही- २ जित्ने, रुपन्देही-३ मा एमालेसँग र रुपन्देही १ मा कांग्रेससँग कडा टक्कर रहेको रास्वपाको आन्तरिक आंकलन छ । रुपन्देही-१ बाट बालेनका सचिवालय सदस्य सुनिल लम्साल उठेका छन् । उनको प्रचारप्रसारका लागि महत्व दिएरै उनी गाउँसम्मै पुगेपछि चुनावी गर्मी झन् बढ्यो ।

रुपन्देहीको माहोल आफू प्रतिकुल बन्दै गएको पौडेलले बुझिसकेका थिए । त्यसैले यसपटक पाल्पाबाट चुनाव लड्ने उनको तयारी थियो । सोही अनुसार पाल्पा क्षेत्र नम्बर २ बाट उनको नाम सिफारिस भई टिकटसमेत लिए । तर, रुपन्देहीका एमाले नेता कार्यकर्ताले उनलाई पाल्पा जानबाट रोके । पौडेलको इच्छाले उल्टै पाल्पा-२ को टिकट नै गिजोलिन पुग्यो । अन्ततः पाल्पामा ठाकुर गैरेले टिकट पाउनुपर्ने एमालेभित्रको अल्पमत पक्षको दबाब र रुपन्देही एमालेको जोडबलमा पौडेल रुपन्देही-२ बाटै चुनाव लड्ने भए । तर, चुनावी माहौल भने उनले चाहेजस्तो सुध्रिइसकेको छैन ।

अन्य दलका नेता कार्यकर्ताले समेत रुपन्देहीको विकासको श्रेय पौडेललाई नै दिने गरेका छन् । सुकुम्बासी समस्याको स्थायी समाधान खोज्न ढिलाई भएकोबाहेक एउटा सांसद्का रुपमा उनीप्रति स्थानीयको खासै गुनासो सुनिँदैन् । तर, यस पटक चुनाव जित्न उनले अहिलेसम्मै सबैभन्दा कडा मेहनत गर्नुपरेको छ । रुपन्देही-२ मा यसपटक विष्णु पौडेलबाहेक अरु सबैजसो उम्मेदवार पहिलो पटक चुनाव लड्दै छन् । नेपाली कांग्रेसबाट उम्मेदवार बनेका चुन्नप्रसाद पौडेल व्यवसायिक पृष्ठभूमिका छन् । यस पटक कांग्रेसको आन्तरिक एकता र कांग्रेसमा भएको नेतृत्व परिवर्तनपछि उत्साह जागेकाले चुनाव जित्ने माहोल भएको उनी बताउँछन् । विगतमा निस्क्रिय रहेका नेताकार्यकर्ता पनि कांग्रेस उम्मेदवारलाई जिताउन लागिपरेको उनको बुझाई छ ।

रास्वपाका उम्मेदवार सुलभ खरेल उदीयमान कानुन व्यवसायी हुन् । तत्कालीन प्रधानमन्त्री ओलीले गरेको संसद् विघटनको मुद्दामा गरेको गहकिलो बहसले उनी त्यतिबेलै चर्चामा आएका थिए । उनी एमाले अखिलको पृष्ठभूमिबाट आएका युवा नेता हुन् । रुपन्देहीमा रास्वपाको खासै संगठन नभए पनि यस पटक वैकल्पिक दलप्रति मतदाताको रुझान देखिन्छ । त्यसको लाभ खरेलले लिइरहेका छन् । उनको मतको मुख्य आधार नै अन्य दलका असन्तुष्ट समर्थकको मत हो । यति हुँदाहुँदै पनि गत भदौ २४ गते सर्वोच्च अदालतमा भएको आगजनीका सन्दर्भमा उनले समाजिक सञ्जालमा पोखेको आक्रोशले उनी आलोचित भए । उदीयमान अधिवक्ताको त्यो अभिव्यक्ति अशोभनिय त थियो नै, सर्बोच्च, सिंहदरबार, शीतल निवासजस्ता राष्ट्रका सम्पदा जलाउनु सही हो भन्ने वकालत थियो । त्यो अभिव्यक्ति उनलाई महंगो परिरहेको छ । गत मंसिरमा एक मुद्दामा सर्वोच्च अदालतमा बहसकै बेला पनि न्यायाधिशहरुले यही प्रसंग उठाएका थिए । उनले ईजलासमै माफीसमेत मागेका थिए । सो घटनाबाट सुलभले कतिसम्म दबाब झेले भने उनी इजलासमै बेहोस भएर ढलेका थिए ।

बहुचर्चित निर्वाचन क्षेत्रहरु झापा-५, सर्लाही-४, दाङ-२, चितवन-३ जस्तै रुपन्देही-२ बारे पनि विभिन्न मिडिया विश्लेषण र सर्वेक्षणका नाममा हारजितका दाबीहरु सार्वजनिक भइरहेका छन् । तर, विष्णु पौडेलको जित सुनिश्चित छ वा उनको संसदीय यात्रामा यसपटक ब्रेक लाग्छ भन्ने अनुमान अहिल्यै गर्न मुस्किल छ । रास्वपा र एमाले दुवैले आफ्नो जित सुनिश्चित रहेको दाबी गरिरहेका छन् । पौडेल स्वयम्ले चुनावी अभियानका सुरुवाती दिनमा केही चुनौती देखिए पनि अहिले समग्र स्थिति सुध्रिएको बताउँछन् ।

पौडेल त्यसै पनि चतुर चुनावी रणनीतिकार मानिन्छन् । उनी पार्टीभित्र जति लोकप्रिय छन्, अन्य दलका स्थानीय नेता कार्यकर्तासँग पनि पौडेलको गहिरो सम्बन्ध देखिन्छ । आफ्नो उम्मेदवार कमजोर देखिएको स्थितिमा प्रतिस्पर्धी दलकै नेता कार्यकर्ताबाट समेत मत प्राप्त हुने एमालेको विश्लेषण छ । विकल्पको खोजीमा रहेका मतदाताहरुको मत रास्वपासँगै हर्क साम्पाङको श्रम संस्कृती पार्टी, स्वतन्त्र उम्मेदवार डा. निकोलस भुसाललाई समेत बाँडिने अवस्था छ । त्यस्तोमा रास्वपा र एमालेले जित निकाल्न अपनाएका भित्री रणनीतिले पनि नतिजा फेरबदल गर्नसक्ने देखिन्छ ।

**युएईका...**

नेपाली राजदूतावासले युएईमा विभिन्न पेसा, व्यवसाय, अध्ययन, रोजगारी वा पर्यटनका लागि आएर बसोबास गरिरहेका वा कामदारको हैसियतले कार्यरत सम्पूर्ण नेपालीलाई आफू कार्यरत कम्पनी, बसोबास गर्ने स्थान, बजार, पार्क, खेलमैदान वा अन्य सार्वजनिक स्थलमा सधैं मर्यादित, अनुशासित, नैतिकवान, इमान्दार र कर्तव्यनिष्ठ रही युएईको स्थानीय नियम, कानुन तथा आचारसंहिता, राजनीतिक, आर्थिक-वित्तीय, सामाजिक, सांस्कृतिक क्षेत्रमा अनुशासनको पूर्ण रूपमा पालना गर्न आग्रह गरेको छ । राजदूतावासले जानेर वा नजानेर कुनै व्यक्तिद्वारा कसैको ज्यान गएमा, व्यक्तिवादी मुद्दामा परिएमा, आतंककारी गतिविधिमा संलग्न भएमा तथा मादक पदार्थ, लागूपदार्थ दुरुपयोग, ओसारपसारको मुद्दामा मृत्युदण्ड समेत हुने कानुनी व्यवस्था रहेकाले यस्ता किसिमका कारोबारमा संलग्न नहुन आग्रह गरेको छ ।

युएईको समाज अत्यन्त अनुशासित रहेको भन्दै नेपाली राजदूतावासले आफू कार्यरत कम्पनी र बसोबास गर्ने स्थानमा सधैं मूल्य मान्यता तथा प्रचलनको ख्याल गरी मर्यादित र अनुशासित रूपमा बस्नुपर्ने बताएको छ ।

वैदेशिक रोजगारीका निम्ति रोजगार भिसमा मात्र जानुपर्ने, भिजिट वा फ्रिलान्सर भिसाको प्रलोभनमा पर्न नहुने भन्दै राजदूतावासले भिजिट वा फ्रिलान्सर भिसामा ठगी हुने र काम नपाई अलपत्र परिने सम्भावना बढी हुनुका साथै त्यसले ओभरस्टे भएर जरिवानामा परिने र उक्त मुलुक जान नपाउने गरी कालोसूचीमा पर्ने सम्भावना हुने चेतावनी दिएको छ ।

वैदेशिक रोजगारीका निम्ति जाँदा आफ्नो राहदानीको प्रतिलिपि, भिसाको प्रतिलिपि, कम्पनीको सम्पर्क नम्बर तथा ठेगाना, रोजगार सम्झौताको प्रति र इमिरेट्स परिचयपत्र बनिसकेपछि त्यसको प्रतिलिपि सुरक्षित रूपमा आफूले पनि राख्ने र परिवारलाई पनि पठाउनुपर्ने राजदूतावासले बताएको छ ।

वैदेशिक रोजगारीमा जानु अघि आफू काम गर्न आउने कम्पनीका बारेमा राम्रोसँग जानकारी लिन, रोजगारदाता कम्पनीसँग रोजगार सम्झौता गर्दा करारपत्र राम्ररी हेरेर अध्ययन गरेर मात्र हस्ताक्षर गर्न पनि राजदूतावासले आग्रह गरेको छ ।

वैदेशिक रोजगारी नेपालमा सोचेजस्तो सहज नहुने भन्दै राजदूतावासले आरामदायी जिन्दगी र सुनौलो सपनाको भ्रममा नपरी विदेशमा श्रम गर्ने कार्य कठिन हुन्छ भन्ने विषयमा मानसिक रूपमा तयार भएर मात्र वैदेशिक रोजगारीमा आउन युवायुवतीलाई आग्रह गरेको छ ।

श्रमिक र रोजगारदाता कम्पनीका बीच हुने करारमा सामान्यतया दुई वर्ष अवधि हुने भएकाले नेपालमा जस्तो सबै कुरा सहज हुने बुझाइका आधारमा 'दुई-चार महिना हेर्छु, सकिनँ भने घर फर्किन्छु' भन्ने सोच नराख्न पनि राजदूतावासले आग्रह गरेको छ ।

बैंकबाट पैसा मिलाइदिन्छु, भिसा लगाइदिन्छु, नेपाल पठाइदिन्छु भनी नेपाली नागरिकको इमिरेट्स अनधिकृत व्यक्तिले प्रयोग गरी बैंकबाट ऋण लिएर फसाइदिएको तथा सजिलै पैसा प्राप्त हुने प्रलोभनमा फसेका मुद्दाहरु ठुलो संख्यामा आइरहेको बताउँदै राजदूतावासले कुनै पनि किसिमको प्रलोभनमा नपरी आफ्नो इमिरेट्स आइडी कोही व्यक्तिलाई नदिन आग्रह गरेको छ ।

श्रमसम्बन्धी गुनासो भएमा वा तत्काल उद्धार गर्नुपर्ने अवस्था आएमा तत्कालै नेपाली राजदूतावासमा सम्पर्क गर्न आग्रह गरिएको छ । काम गरेको कम्पनीमा श्रम सम्बन्धी समस्या वा गुनासो भएमा कम्पनी छाडेर नहिँडी राजदूतावास वा महावाणिज्यदूतावासमा स्वयं उपस्थित भई आफ्नो समस्या प्रस्तुत गरेमा समस्याको सहज निवारण गर्न सकिने, तर कम्पनी छोडेर भागिसकेपछि कम्पनीले भगौडाको रूपमा नाम दर्ता गरिदिने र जरिवाना तिर्नुपर्ने राजदूतावासले बताएको छ ।

मध्यान्ह
www.madhyanhadaily.com



# एमाले उम्मेदवारका प्रचार सामग्रीमा छैन ओलीको तस्बिर

**सपना बोहरा / मध्यान्ह**
काठमाडौँ, १४ फागुन




नेकपा एमालेका सामान्य कार्यक्रममा समेत मञ्चका ब्यानरमा देखिने अध्यक्ष केपी शर्मा ओली यसपटक आफनै उम्मेदवारको पोस्टरबाट हराएका छन् । उनी उम्मेदवार रहेको झापा क्षेत्र नं. ५ बाहेक अन्यत्र ओलीको तस्बिर देखिँदैन् ।

एमालेले ओलीलाई भावी प्रधानमन्त्रीका रुपमा अघि सारेको छ । विगतका चुनावमा एमालेका प्रचार सामाग्रीमा ओलीका तस्बिर हुन्थे । तर यस पटक त्यस्तो देखिएको छैन् । उनका विश्वासका पात्र मानिने शंकर पोखरेल, महेश बस्नेत, महेश बर्तौला, पृथ्वीसुब्बा गुरुङ, विष्णु पौडेलले समेत ओलीको पोस्टर नराखेरै चुनावी मैदानमा उत्रिएका छन् ।

एमालेको घोषणा पत्रमा बाहेक अरु प्रचार सामाग्रीमा ओलीको तस्बिर खासै चलाइएको छैन । एमाले महासचिव पोखरेल २०७९ को निर्वाचनमा अध्यक्ष ओलीको तस्बिरसहितको प्रचार सामाग्री लिएर मैदानमा उत्रिएका थिए । ओलीकै नाममा उनी भोट माग्थे । अहिले पनि उनी उम्मेदवारको रुपमा मतदाताको घर-घरमा प्रचार प्रसारमा छन् । तर ओलीको तस्बिर गायब छ । उनले भोट माग्नेबेलामा पनि ओलीको बारेमा खुले माग्दैनन् । ओलीकै फोटो बिना नै उनी भोट माग्न गईरहेका छन् ।

पछिल्लो जेनजी आन्दोलनमा दमन हुँदा ओली प्रधानमन्त्री थिए । ठूलो भौतिक तथा मानविय क्षति भएको सो आन्दोलनपछि ओलीप्रति जनआक्रोश देखियो । तत्कालीन प्रधानमन्त्रीका रुपमा उनी चर्को आलोचनामा परे । सोही कारण एमालेका उम्मेदवारहरुले ओलीको तस्बिर लिएर चुनावमा जान डराएका हुन् ।

लमजुङमा उम्मेदवार बनेका तत्कालीन सरकारका प्रवक्ता पृथ्वीसुब्बा गुरुङ पनि चुनावी प्रचार प्रसारमा व्यस्त छन् । ओलीकै नेतृत्वमा एमाले सरकार बनाउनेभन्दै विगतमा चुनावी मैदानमा होमिएका उनले यसपटक भने पोस्टरमा समेत फोटो राखेका छैनन् । मतदाताहरुलाई चुनावी प्रचारप्रसारको आफनो पोस्टर बाँड्छन् तर ओलीको तस्बिर नराखेरै ।

त्यस्तै अर्का उपाध्यक्ष एवं रुपन्देही-२ का प्रतिनिधिसभा सदस्य उम्मेदवार विष्णुप्रसाद पौडेलले रुपन्देहीलाई राष्ट्रिय अर्थतन्त्रको गतिशील केन्द्र र विकासको अग्रणी जिल्लाको रुपमा विकास गर्ने लक्ष्यसहित २० बुँदे प्रतिबद्धतापत्र सार्वजनिक गरे । उनले सार्वजनिक गरेको पोस्टरमा पनि यसपटक ओलीको तस्बिर छैन ।

ओलीको पक्षमा खरोरुपमा उत्रिने अर्का पात्र हुन् महेश बस्नेत । जो एमाले सचिव पनि हुन् । प्रधानमन्त्रीबाट हटेपछि ओली उनकै साथ लिएर भक्तपुरको गुण्डुमा बस्न थालेका छन् । ओलीका प्रिय पात्र बस्नेतले समेत चुनावी प्रचार सामाग्रीमा ओलीको तस्बिर राखेका छैनन् । मतदाताको घरदैलोमा जाँदा उनले आफूले गरेको विकास निर्माणको कामकै प्रचार गर्ने गरेका छन् । ओलीको बचाऊमा लाग्दा भोट गुम्ने भय अधिकांश उम्मेदवारमा देखिन्छ । ओलीका निकटदेखि ११ औं महाधिवेशनमा ओलीको प्यानलबाट निर्वाचित नेताहरुसमेत आफ्ना अध्यक्षको तस्बिर राख्न हिच्किचाइरहेका छन् ।

विशेष महाधिवेशनबाट नयाँ नेतृत्व ल्याएपछि नेपाली कांग्रेसमा भने पार्टी सभापति गगन थापा तस्बिरसहितका प्रचार सामाग्री बनाउने काम भइरहेको छ । कांग्रेसका उमेदवारहरु गगनकै नाम र तस्बिर राखेर मत मागिरहेका छन् । अरु राजनीतिक मुद्दाभन्दा कांग्रेसले बदलिएको कांग्रेसको नारा अघि सारेको छ । राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा)ले भने सभापति रवि लामिछाने र वरिष्ठ नेता बालेन्द्र शाह (बालेन)को तस्बिर राखेर चुनावी प्रचार अघि बढाएको छ । त्यस्तै, नेपाली कम्युनिष्ट पार्टीले संयोजक पुष्पकमल दाहाल 'प्रचण्ड'को नाम र तस्बिर राखेर उम्मेदवारको चुनावी प्रचारप्रसार गरिरहेको छ ।

एमाले उम्मेदवार मात्र किन पार्टी अध्यक्ष ओलीको तस्बिर राख्न चाहेनन् ? निर्वाचन परिचालन कमिटीका सचिव विष्णु रिमाल प्रत्यक्ष निर्वाचनमा पार्टी नेतृत्वभन्दा उम्मेदवारकै प्रचारलाई महत्व दिइने बताउँछन् । उनले मध्यान्हसँग भने, 'सबै दलका आआफ्नै रणनीति हुन्छन् । हामीले अध्यक्षको सन्देश र तस्बिरसहितको घोषणापत्र नै तयार पारेका छौं । उम्मेदवारले आफ्नै तस्बिर र नाम प्रचार गर्नु स्वभाविक छ ।'

# सबै निर्वाचन क्षेत्रमा मतपत्र पुग्यो : आयोग



**काठमाडौं / मस–** प्रतिनिधि सभा सदस्य निर्वाचनका लागि सबै निर्वाचन क्षेत्रमा मतपत्र पुगेको निर्वाचन आयोगले जनाएको छ । आयोगले १ सय ६५ वटै निर्वाचन क्षेत्रमा समानुपातिक र प्रत्यक्षतर्फको मतपत्र पुगेको जानकारी दिएको छ ।

आयोगका मुद्रण अधिकृत बाबुराम कोईरालाले फागुन २१ गते हुने प्रतिनिधि सभा सदस्य निर्वाचनका लागि कार्यतालिकाअनुसार नै मतपत्र छपाई र ढुवानी कार्य सम्पन्न भएको जानकारी दिए ।

उनका अनुसार समानुपातिक निर्वाचनतर्फ दुई करोड ८ लाख ३० हजार र प्रत्यक्षतर्फ दुई करोड तीन लाख २३ हजार गरी कुल चार करोड ११ लाख ५३ हजार मतपत्र छपाई गरी ढुवानी गरिएको हो ।

सबै मतपत्र १ सय ६५ वटै निर्वाचन क्षेत्रमा सुरक्षित रूपमा पुऱ्याइसकिएको उनले बताए । उनकाअनुसार आयोगले २०८२ माघ २९ गतेदेखि मतपत्र ढुवानी कार्य हवाई तथा स्थलमार्गबाट एकसाथ सुरु गरेको थियो । कर्णाली प्रदेश, सुदूरपश्चिम प्रदेश, कोशी प्रदेश, लुम्बिनी प्रदेश, गण्डकी प्रदेश, मधेस प्रदेश र वागमती प्रदेशमा क्रमशः मतपत्र ढुवानी गरिएको उनले जानकारी दिए । २०८२ पुस २२ गतेबाट मतपत्र छपाई कार्य सुरु गरी फागुन ५ गते छपाई सम्पन्न गरिएको आयोगले जनाएको छ ।

**कुटनीतिक नियोगका प्रतिनिधिहरूलाई निर्वाचन अवलोकन गर्न दिइने**

निर्वाचन आयोगले आसन्न प्रतिनिधि सभा सदस्य निर्वाचनको तयारी र प्रक्रियाका बारेमा अन्तर्राष्ट्रिय समुदायलाई जानकारी गराएको छ । बिहीबार निर्वाचन आयोगले नेपालमा रहेका सबै कुटनीतिक नियोगका प्रमुख र प्रतिनिधिहरूलाई निर्वाचनबारे जानकारी गराएको हो ।

आयोगका प्रवक्ता नारायणप्रसाद भट्टराईकाअनुसार निर्वाचन केवल आन्तरिक सरोकारको विषय मात्र नभई अन्तर्राष्ट्रिय समुदायको पनि चासोको विषय हुने भएकाले नेपालको निर्वाचनमा विश्व समुदायको सकारात्मक सहयोग र सहभागिताका लागि 'ब्रिफिङ' गरिएको हो । नेपालमा रहेका सबै विदेशी दुतावास, संयुक्त राष्ट्रसंघीय निकाय र विकास साझेदारहरूलाई निर्वाचनका गतिविधिबारे जानकारी (ब्रिफिङ) गराउने परम्परा विगतदेखि नै रहेको आयोगले जनाएको छ ।

प्रवक्ता भट्टराईले कुटनीतिक समुदायलाई निर्वाचनका बारेमा सत्य-तथ्य जानकारी लिन-दिन र पर्यवेक्षणका लागि आवश्यक तयारी गर्न यसले सहज हुने बताए । उनले सवारी साधनको प्रयोग, आवागमन (मुभमेण्ट) र परिचयपत्रको व्यवस्थाबारे पनि कुटनीतिक समुदायलाई स्पष्ट पारिएको बताउँदै यसले नेपालको निर्वाचनका बारेमा अन्तर्राष्ट्रिय रूपमा एउटै बुझाइ बनाउन सहयोग पुग्ने विश्वास व्यक्त गरे ।

आयोगले मतदानको दिन कुटनीतिक नियोगलाई अवलोकनको लागि अवसर दिने भएको छ । निर्वाचन आयोगले निर्धारण गरेको प्रोटोकल (मर्यादा) पालना गरेर कुटनीतिक नियोगका प्रमुख वा प्रतिनिधिले चाहेको स्थानमा गएर अवलोकन गर्नसक्ने प्रवक्ता भट्टराईले जानकारी दिए ।

# म कामदार हुँ, जनता मालिक : जनार्दन शर्मा

**रुकुम पश्चिम / मस–** प्रगतिशील लोकतान्त्रिक पार्टीका नेता एवं रुकुम पश्चिमका उम्मेदवार जनार्दन शर्माले रुकुमको समृद्धिका लागि 'नयाँ सपना' पूरा गर्न आफू तयार रहेको बताएका छन् ।

चुनावी घरदैलो कार्यक्रमलाई सम्बोधन गर्दै शर्माले विगतमा अधिकारका लागि लडिएको र अबको चरण पूर्ण रूपमा विकास र समृद्धिको हुने बताएका हुन् ।

उनले विगतमा ५० रुपैयाँ तिरेर फोन चार्ज गर्नुपर्ने अवस्थाबाट रुकुम अहिलेको सहज अवस्थामा आइपुगेको स्मरण गराए । शर्माले रुकुममै ३ सय शैय्याको सुविधासम्पन्न अस्पताल र मेडिकल कलेज सञ्चालन गर्ने आफ्नो मुख्य योजना रहेको बताए । यस परियोजनाले रुकुम मात्र नभई छिमेकी जिल्लाहरू जाजरकोट, सल्यान, रोल्पा र पूर्वी सुर्खेतका जनतालाई समेत लाभ पुऱ्याउने उनको दाबी छ । यसका लागि मध्यपश्चिम विश्वविद्यालयसँग समन्वय भइरहेको समेत उनले जानकारी दिए ।


## काठ/दाउरा बोलपत्रद्वारा लिलाम बिक्रीको सूचना

**प्रथम पटक प्रकाशन मिति २०८२/११/१५**

यस जनसेवा शक्ति थारु सामुदायिक वन उपभोक्ता समूह, बारबर्दिया न. पा. ०२, पचघरुवाको सामुदायिक वन क्षेत्रबाट आ.व. २०८२/०८३ मा उत्पादन भई घाटगद्दीमा मौज्दात रहेको विभिन्न जात र ग्रेडको गोलिया थान २१७९ को ७८१३.८० घ. फि. काठ तथा दाउरा २० चट्टा जे-जस्तो अवस्थामा छ, सोही अवस्थामा आफ्नै खर्चमा उठाई लैजानुपर्ने गरि लिलाम बिक्री गर्नुपर्ने भएकोले यो सूचना प्रकाशित गरिएको छ । काठ/दाउरामा आधारित उद्योग संचालन गर्न अनुमति प्राप्त गरि संचालनमा रहेको उद्योगहरूले यो सूचना प्रकाशन भएको मितिले २१ दिन भित्र बोलपत्र खरिद गरि २२ औं दिनको १२:०० बजे भित्र शिलबन्दी बोलपत्र दाखिला गर्न आव्हान गरिन्छ । यस सम्बन्धी विस्तृत जानकारीको लागि यस समूहमा सम्पर्क राख्नु हुन जानकारी गराईन्छ । पूर्ण व्यहोराको सूचना यस समूहको सूचना पाटीमा टाँस गरिएको छ ।

**श्री जनसेवा शक्ति थारु सामुदायिक वन उपभोक्ता समुह,**
**बारबर्दिया न. पा. ०२, पचघरुवा, बर्दिया**
**मो.नं. ९८१६५८०७६१**



## सबल बहुउद्देश्यीय सहकारी संस्था लि.
चन्द्रागिरी न.पा.-१३, काठमाडौं

## हक दावी सम्बन्धी सार्वजनिक सुचना

**सूचना प्रकाशित मितिः** २०८२/११/१५

बागमती अञ्चल काठमाण्डौ जिल्ला चन्द्रागिरी १३ बस्ने दिल्ली राम पनेरुको छोरा श्री शंकर राज पनेरु (सदस्य नं.:०१००) को मिति २०८२/१०/२० मा निधन भएकोले निजको नाममा रहेको शेयर पुँजी र बचत रकम भुक्तानी पाउँ भनी बागमती अञ्चल काठमाण्डौ जिल्ला चन्द्रागिरी १३ बस्ने तारा.कुमारी उपाध्याय र अभिशेक पनेरुले, निवेदन दिएको हुदाँ उक्त रकममा निजहरु बाहेक अन्य कसैको हकदाबी भए अग्राधिकारवाला हकदारले यो सुचना प्रकाशित भएको मितिले ३५ दिन भित्र यस सहकारी संस्थामा सबुत प्रमाण सहित दाबी गर्नहुन यो सुचना प्रकाशित गरिएको छ । म्याद भित्र प्राप्त नभएको र रित्त नपुगेको दरखास्त उपर कुनै कारबाही नहुने र म्याद भुक्तान पश्चात निवेदन दाबी बमोजिम भई जाने व्यहोरा यसै सुचनाद्वारा जानकारी गराइन्छ ।



## QATAR मा रोजगार

कम्पनी : BULGER TRADING CONTRACTING AND SERVICES — शहर: DOHA
पूर्व स्वीकृत मिति: २०८२/११/१४ — चलानी नं.: ६०२५३०७३ — LT. No.: 339556

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब QR | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Administrative Secretary | 1 | 0 | सम्बन्धित काममा दक्ष | 2500 | ९९,६०० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2. | Secretary | 1 | 0 | | 2100 | ८३,६६४ | | | | | | | |
| 3. | Carpenter | 5 | 0 | | 1100 | ४३,८२४ | | | | | | | |
| 4. | Fitter/plumber General | 5 | 0 | | 1100 | ४३,८२४ | | | | | | | |
| 5. | Plasterer | 4 | 0 | | 1100 | ४३,८२४ | | | | | | | |
| 6. | Iron Worker | 7 | 0 | | 1100 | ४३,८२४ | | | | | | | |
| 7. | Building Electrician | 3 | 0 | | 1100 | ४३,८२४ | | | | | | | |
| 8. | Truck/bus Driver | 1 | 0 | | 16000 | ६,३७,४४० | | | | | | | |
| 9. | Foreman | 2 | 0 | | 2500 | ९९,६०० | | | | | | | |
| 10. | Accountant | 1 | 0 | | 3600 | १,४३,४२४ | | | | | | | |

**अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा मिति २०८२ फागुन २२ गते (6 March 2026) मा हुनेछ ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. २५९६ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. २१०० कामदारले | रु. १,५०० कामदारले | नि:शुल्क |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सुचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।

Govt. Lic. No. 1191/073/074

**Eurosia Human Resourse Pvt. Ltd.**
Samakhusi Chowk, Tokha Road 10, Kathmandu, Nepal, Tel: 01-4980243 , 01- 4380243
Mob: 9851064740/ 9851071905/9851071905/980-6685971/9851237357
E-mail : ehr1191@gmail.com, eurosiahumanresource@gmail.com, eurosiahumanresource@gmail.com, Web : www.eurosiahr.com.np



## साइप्रसमा रोजगार

कम्पनी: S.A". IOANNOU THE JOB FACTORY LTD-457 — शहर : CYPRUS
पूर्व स्वीकृत मिति: २०८२/०८/०७ — चलानी नं.: ६०२४७६८९ — L.T. No.: 334028 — पुन विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब EURO | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Cook | 5 | 0 | स. काममा दक्ष | 700 | १,०१,६५४ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

कम्पनी: ORTHODOXOU EMPLOYMENT BUREAU LTD. — शहर : CYPRUS,LARNACA
पूर्व स्वीकृत मिति: २०८२/०६/२६ — चलानी नं.: ६०२४५९५२ — L.T. No.:332216 — पुन विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब EURO | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Cook A/ Cook B | 5 | 0 | सम्बन्धित काममा दक्ष | 700 | १,०१,६५४ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2. | Cook C. | 1 | 0 | | 700 | १,०१,६५४ | | | | | | | |
| 3. | Waiter/Waitress | 4 | 5 | | 700 | १,०१,६५४ | | | | | | | |

कम्पनी: A TO Z CONSULTANCY &IMMIGRATION SERVICES-466 — शहर : CYPRUS
पूर्व स्वीकृत मिति: २०८२/०८/०७ — चलानी नं.: ६०२४७६९० — L.T. No.: 334027 — पुन विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब EURO | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Cook A. | 2 | 0 | सम्बन्धित काममा दक्ष | 700 | १,०१,६५४ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2. | Cook B | 1 | 0 | | 700 | १,०१,६५४ | | | | | | | |
| 3. | Cook C. | 2 | 0 | | 700 | १,०१,६५४ | | | | | | | |
| 4. | Waiter/waitress | 2 | 1 | | 700 | १,०१,६५४ | | | | | | | |

**अन्तर्वार्ता मेनपावर कार्यालय ललितपुरमा २०८२ फागुन २२ गते (6 March 2026) मा हुनेछ ।**



| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. २५९६ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. २१०० कामदारले | रु. १,५०० कामदारले | नि:शुल्क |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सुचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।



**ANGELOS GROUP PVT.LTD** — Govt.Lic. No. 1792/082/83
Lalitpur-15, Satdobato, Nepal, Tel No: +977-1-5415656
Email: angelosgrouppvtltd@gmail.com, info@angelosgrouppvtltd.com
Web: www.angelosgrouppvtltd.com



**Joshipur Rural Municipality**
**Water Sector Governance and Infrastructure Support Project**
## Joshipur Project Implementation Unit
**Joshipur, Kailali**

### Notice for Opening of Price Bids

**Date of publication: 27th February, 2026**

This is to notify to all the bidders, who have submitted technical and price bids for the **Construction of Ghaila Bauniya, Ramnagar, Simrana Water Supply Project Contract Identification No.: NP-DWSSM-511281-CW-RFB** as per invitation for bid notice published on 1st January, 2026 in Madhyanha Daily Newspaper. As per the Technical Bid Evaluation following bidders have been substantially responsive for this project.

| S.N. | Successful Bidders Name, Address | Remarks |
|---|---|---|
| 1 | Sagarmatha Drilling & Construction Pvt Ltd Budhalinkantha-8 Mandikatar, Kathmandu, Nepal | |
| 2 | KCPL-PBPL JV, Jwagel-10, Lalitpur. | |
| 3 | Prera Nirman Sewa Pvt. Ltd, Nayabato, Ringroad, Lalitpur. | |
| 4 | Sharma-AM JV, Gwarko, Ringroad, Lalitpur. | |
| 5 | Kankai/Jayamata/Kalika JV, Pokharichauri-7, Kavre, Shantinagar,Kathmandu | |
| 6 | Bhimeshwor Drilling Tatha Nirman Sewa Pvt. Ltd, Suryabinayak Municipality-04, Amarnagar. | |

We would like to invite above mentioned Successful Bidder in the opening of price bids in the following date, time and Venue.
Date: 9th March, 2026
Time: 12:00 PM
Venue: Project Implementation Unit, Joshipur Rural Municipality, Joshipur, Kailali.

**Project Manager**



## Mahalaxmi Municipality
## Office of the Municipal Executive
**Jitpur, Dhankuta**
**Koshi Province, Nepal**

### Invitation for Bids

**Date of Publication: 2082/11/15 (2026-Feb-27)**

1. Mahalaxmi Municipality Jitpur, Dhankuta invites Online Bids from eligible bidders for the procurement of the following works.

| Contract ID | Description | Estimated Amount (with VAT & PS) | Bid Doc. Fee | Bid Security | Bid Security Validity | Date and Time of Bid Opening | Remarks |
|---|---|---|---|---|---|---|---|
| MM/DKT/ NCB/04/2082/083 | Construction of Basic Health Service Center Building at Ward 1 | NRs. 40,32,322.86 | NRs. 3,000 | NRs. 97,000 | 120 Days | 2082-12-16 13:00 PM | NCB |
| MM/DKT/ NCB/05/2082/083 | Construction of Basic Health Service Center Building at Ward 4 | NRs. 40,32,322.86 | NRs. 3,000 | NRs. 97000 | 120 Days | 2082-12-16 13:00 PM | NCB |
| MM/DKT/ SQ/02/2082/083 | Krishi tatha Pashu Bikash Karyakram (Supply and Delivery of Mini Tiller, Chaff Cutter & amp; Solar water heater) | N/A | NRs. 1,000 | NRs. 49,000 | 75 Days | 2082-12-02 13:00 PM | SQ |

2. Eligible Bidders may obtain further information and inspect the bidding document at PPMO website www.bolpatra.gov.np/egp.
3. Bidder who chooses to submit their bid electronically may download the bidding documents from www.bolpatra.gov.np./egp, Bidders, submitting their bid electronically, should deposit the cost of bidding documents in the account as specified Below.
   Name of the Bank: Rastriya Banijya Bank,Jitpur branch.
   Name of Office: Mahalaxmi Municipality Jitpur, Dhankuta.
   Office Code No. : 801010603
   Office Account Name: MAHALAXMI NA.PA.(GA-1-1)-AANTARIK R
   Office Account No:2350100301010003
   Shirshak No. : 14229
4. Bid security amount deposited at Name and A/C No. MAHALAXMI NA.PA.(GA-3)-Dharauti ACC 2350100303000003 on the behalf of Office of the Mahalaxmi Municipality Executive at Rastriya Banijya Bank, Jitpur branch. Or Bidder who choose to submit their bid security amount as Bid bond, the bid bond should be issued from authorized and recognized commercial bank or financial institution eligible to issue bank guarantee as per prevailing law of Nepal. A scan copy of bid bond is mandatory.
5. If the last date of purchasing and /or submission falls on a government holiday, then the next working day shall be considered as the last date. In such case the validity period of the bid security shall remain the same as specified for the original last date of bid submission.
6. All the other condition of bidding process will be as per the Public Procurement Act, 2063 and Public Procurement Regulation, 2064 following all revision.

**Chief Administrative Officer**

मध्यान्ह
www.madhyanhadaily.com

१५ फागुन २०८२ शुक्रबार
27 February 2026 Friday

सम्पादकीय

## एल्गोरिदम होइन मुद्दामा जाऔं

नेपालको चुनावी इतिहासले जति उतारचढाव व्यहोरेको छ, त्यत्ति नै दल तथा उम्मेदवारका एजेन्डा र चुनावी प्रचारशैली बदलिँदै आएको छ । हस्तलिखित पर्चाबाट डिजिटल प्रचार युगमा आइपुग्दा राजनीतिमा पनि धेरै नै फेरबदल आएको छ । २०१५ सालको पहिलो संसदीय निर्वाचनमा हस्तलिखित पर्चा, पोस्टर र भित्तेलेखन नै प्रचारका मुख्य माध्यम थिए । मतदातालाई सानो कागजको टुक्रा दिएर चिह्न टाँसिएको बाकसमा खसाल्ने अभ्यासबाट यो यात्रा सुरु भएको देखिन्छ । त्यसबेला मतदाता रिझाउने मुख्य तरिका प्रत्यक्ष भेटघाट नै हुन्थ्यो । पत्रपत्रिका सीमित थिए, श्रव्य माध्यम आम पहुँचमा थिएन । २०४८ पछि आमसभा, रेडियो सन्देश र ब्यानर प्रभावशाली बने । २०५१ मा सवारी साधन चढेर गाउँ-गाउँ जाने र चुनावी गीत बजाउने शैली लोकप्रिय भयो । २०५६ मा टोल-टोल सभा र पत्रिकामा विज्ञापन दिन थालियो । २०६४ मा सडक नाटक र सांस्कृतिक कार्यक्रममार्फत राजनीतिक सन्देश फैलाएर भोट मागियो । त्यतिन्जेलसम्म रेडियो, टेलिभिजन र पत्रपत्रिकाका माध्यम आमपहुँचमा पुगिसकेका थिए । २०७० को निर्वाचनसम्म आइपुग्दा चुनावी प्रचार टेलिभिजन बहस र एसएमएसमार्फत मतदातालाई सन्देश दिने तहमा पुग्यो । २०७४ मा फेसबुक लाइभ र अनलाइन पोर्टल प्रभावशाली भए भने २०७९ मा इन्फ्लुएन्सर र विज्ञापन बुस्ट गर्ने प्रवृत्ति देखियो । अहिले २०८२ को प्रतिनिधिसभा निर्वाचनमा भर्चुअल माध्यम हाबी भएको छ । दल तथा उम्मेदवारहरूले छोटा भिडियो, डिजिटल क्याम्पेन र एल्गोरिदमलाई मुख्य चुनावी रणनीतिका रूपमा अपनाएका छन् । निर्वाचन आयोग स्वयम्ले टिकटक भिडियो प्रतियोगिता आयोजना गर्नुले पनि चुनावी प्रचार र मतदाता शिक्षा समाजिक सञ्जाल र डिजिटल माध्यम केन्द्रित भएको संकेत गर्दछ । यसरी डिजिटल युगले मतदाता र उम्मेदवारबीचको दूरी घटाइदिएको छ ।

चुनाव प्रचारको शैली फेरिए पनि आम मतदाताका धेरै समस्यामा भने ठुलो परिवर्तन आएको देखिँदैन । दल र उम्मेदवारहरू मतदाताकहाँ पुग्ने माध्यम र कन्भिन्स गर्ने तरिका मात्र बदलिएको हो । चुनावी नतिजा भने अझै पनि जनताकै हातमा छ । एल्गोरिदमले सन्देश पुर्‍याउन सक्छ, तर मतपत्रमा निर्णय गर्ने अधिकार भने मतदातासँगै छ । त्यसैले जनताले चाहेको नतिजा ल्याउन दल र उम्मेदवार आफ्ना एजेन्डामा स्पष्ट हुनैपर्छ । केवल भ्युज, लाइक र सेयरले जनादेश सुनिश्चित हुँदैन । स्पष्ट नीति, व्यवहारिक योजना र विश्वसनीय नेतृत्व प्रस्तुत गर्न सक्ने उम्मेदवारले मात्र जनताको विश्वास जित्न सक्छन् । प्रविधि साधन मात्र हो, लोकतन्त्रको विकल्प होइन । पर्चाबाट एल्गोरिदमसम्म आइपुगेको यात्राले माध्यम फेरिएको त देखिएको छ, सँगसँगै मतदाताको थप सचेतनाको माग पनि गरेको छ ।

# स्वास्थ्य बिमा : जटिल समस्या

अग्रलेख



● अच्युतप्रसाद पौडेल 'चिन्तन'

संविधानले जनस्वास्थ्यलाई मौलिक हकका रूपमा हेरेको छ । मौलिक हकका विषयहरू अरू पनि धेरै छन्, जुन कार्यान्वयनमा आएका छैनन् । करिब एक दशकअघि स्वास्थ्य बिमाको अवधारणा ल्याए पनि सञ्जालहरू विस्तार सुरु हुँदा अब बन्द गर्ने अवस्थामा पुगेको छ । जसरी एक दशकमा संविधानप्रति गम्भीर प्रश्नहरू आएका छन्, त्यस्तै स्वास्थ्य बिमा पनि करिब असफल भइसकेको अवस्था छ । यसो भनौं जेनजी विद्रोह प्रचलित राजनीतिक प्रणालीप्रतिको गम्भीर अविश्वास थियो, तर रात रह्यो, अग्राख पलायो उही प्रणाली कायम राखी देशमा चुनाव हुँदैछ र चुनावमा उठेका उम्मेदवारहरू विगतमा झैं यसपालि पनि कतिपय पारिवारिक नै देखिएका छन् र प्रत्यक्ष जनताबाट टाढिएकालाई राष्ट्रिय सभामा लगेर संविधानले आफ्नो वास्तविक रूप देखाइसकेको छ ।

उच्च पदासीनहरूले सक्नेले देश दोहन गर्दै, राज्य दोहन गर्दै कुम्ल्याए मात्रै होइन, विदेशी उपचार, हवाइभाडादेखि डलरमा आफन्तलाई समेत भत्ता दिलाउँदै उच्च श्रेणीका देशमा उपचार गराए, जुन कानुनले प्रतिबन्धित गरेको थियो, तर पटके निर्णय गराएर राज्य ढुकुटीबाट लुटे । पहिले आफैं गर्ने हो भने, सचिवालयबाट विज्ञप्ति पनि निकाले तर असारतिर पुगेपछि खर्च निकासा गराए, लुट्याए । अहिले पनि पटके निर्णय गर्दै भिआइपी भन्दै खर्च निकासा गर्दै उपचार आफ्नै गर्ने गराउने क्रम रोकिएको छैन र नाम चलेकाहरूले अहिले पनि यहाँको औषधि सेवन गर्दैनन्, विदेशबाट छुट्टै झिकाउँछन् । आम जनता निरीह छन्, लाइनमा बस्छन्, दिनभरि न चिकित्सक भेट्न सक्छन्, भेटिहाले बिमाको छाप लाग्दैन, लागिहाले औषधि छैन । टेण्डरमा आएका औषधि गुणस्तर कस्तो होला ती औषधि पनि नपाइएको अवस्था छ । यसकारण कि औषधि सप्लायर वा बिमा दाबी गर्नेहरू ऊपर भूक्तानी भएको छैन । अस्थायी भनिएको नागरिक सरकार जसलाई चुनावी सरकार भनियो र दूरगामी निर्णय नलिने भनिरहँदा यसै फागुन १ देखि बिमामा आइपिडी र एपीडी भन्दै विभेद गरेर सम्झौता भइसकेका बीमितहरू ऊपर पनि घात र अन्याय गरिरहेको छ ।

बिमा बोर्डले अनेक नाटक मञ्चन ३ वर्ष अघिदेखि नै गरेको थियो, धुलीखेल अस्पतालबाट सल्केको बिमाको आगो पछिल्लो समय त्रिवि शिक्षण अस्पताल पुगेर उसले सेवा बन्द गरिदियो, रेफरको गम्भीर नाटक पनि मञ्चन गरियो । सरकारी अस्पतालहरूले गरेको

> *अहिले पनि पटके निर्णय गर्दै भिआइपी भन्दै खर्च निकासा गर्दै उपचार गराउने क्रम रोकिएको छैन र नाम चलेकाहरूले अहिले पनि यहाँको औषधि सेवन गर्दैनन्, विदेशबाट छुट्टै झिकाउँछन् । तर आम जनता निरीह छन्, लाइनमा बस्छन्, दिनभरि न चिकित्सक भेट्न सक्छन्, न पैसा तिरेर गरेको बिमाबाट उपचार गर्न पाउँछन् ।*



यो चरम लापरवाही शब्दमा अभिव्यक्ति गर्न कठिन छ । सार्वजनिक सरोकारको विषय भई पंक्तिकारले बिमा बोर्डलगायत सिंहदरबारका धेरै संयन्त्रहरू धायो, सबैको जवाफ के आयो-स्रोतकै अभाव छ, भूक्तानी गर्न सकिएन । राज्य भनौं सरकारले स्रोतको अभाव देखाएर सेवा बन्द गर्न कसैले गरे पनि मिल्दैन र आषाढसम्म जसको जुन अवस्थामा रकम तिरिसकेर बिमा भएको छ, त्यो सेवा निरन्तर हुनुपर्छ, बीचमा ब्रेक गर्ने भए शुल्क लिनु हुँदैनथ्यो । यसै पनि सहशुल्क भनी थप १० प्रतिशत त लिने गरिएकै छ । अर्को कुरा, नाफा घाटा त्यो व्यापार होइन, शिक्षा वा स्वास्थ्यमा राज्यले गरेको लगानीलाई व्यापारको रूपमा हेर्न मिल्दैन । जनशक्ति खेर गइरहेको, विदेश पलायन भइरहेको, त्यसको बदला विप्रेषण मात्रै आइरहेको बेला अशक्त, ज्येष्ठ नागरिक, दीर्घरोगी लगातार हजारौं औषधि सेवन गर्नु पर्नेलाई घोर र अन्याय हुने गरी बिमा बोर्डले अहिले लिएको नीति घोर आपत्तिजनक छ । बिमा बोर्ड आफैं दिगो संयन्त्रको छैन, वर्षैपिच्छे कार्यकारी परिवर्तन, राजीनामा अनेकमा रहेको छ ।

जसले स्वास्थ्य सेवा राम्रो र प्रभावकारी भनेर सम्मान पाए, अधिकांशले बिमा सेवा बन्द गर्न सूचना जारी गरिसकेका छन् । पहिले नगर्नु पर्थ्यो यति ठूलो हल्ला र विज्ञापन, अब स्रोत पुगेन भनेर बन्दको स्थितिमा पुग्नु राम्रो होइन । भूक्तानी धेरैतिर बाँकी होला, राज्यले तिर्नु पर्ने किसान बाली बिमा, दूधको भूक्तानी, उखुको, निर्माण व्यवसायीको अनेकौं भूक्तानी बाँकी भए पनि स्वास्थ्य क्षेत्र बढी संवेदनशील भएकाले बेपारको रूपमा यसलाई हेर्न मिल्दैन । भनिन्छ बिमाको रकम बढाउने, त्यो आम जनता त्यसमा सहमत छैनन्, कारण सरकारी सुविधा लिन धेरै नै गाह्रो छ, निजीमा जस्तो छिटो छरितो हुँदैन । फेरि समान सहभागी भन्ने हो भने सरकारीतिर किन जाने, निजी क्षेत्र नै रहेकै होला । बीर अस्पताल बूढो भयो, त्यहाँ जाने बिरामी अझै धेरै छन्, देशैभरिको केन्द्र हो त्यो र भनेको बेला त्यहाँ औषधि पाइएको छैन, खरिद भएन रे, औषधि उधारो दिन मानेनन् र व्यापारीहरूले ।

गोकर्णेश्वर नगरपालिकाले धेरै होहल्ला गरेको थियो, निःशुल्क बिमा समेत भनियो, बिमा त भयो, बिमा मात्रै भयो, बिरामीले उपचार पाएनन्, यो सफेद झुठको खेती लामो समयदेखि लोकतन्त्रले गरि नै रहेको छ । अहिले ग्यासमा ठूलो लाइन छ, भनेको बेला पाइएको छैन, उपभोक्ता हित कानूनी कतै लागू भएन, पैसा तिर्छु भन्दै पनि सेवा पाइएन र खानेपानीको हालत उही छ, बिजुली भूटानभन्दा महँगो । कर धेरै लिने, सेवा नदिने उच्च कोटीमा पर्छ हाम्रो देश जहाँ लोकतन्त्रका नाममा धेरै संयन्त्रहरू छन्, जुका जस्ता छन् निरीहको रगत पिउँदैछन्, मन्त्री उत्पादन गर्ने कारखाना बोकेर संघीयता बाँचिरहेको छ र यति धेरै ठूलो संयन्त्र देशमा आवश्यक नै छैन । विगतमा यस्तो थिएन, नागरिक शासन भनियो, विधिको शासन भनियो, सुशासनका नाराहरू धेरै देखाइयो, सबै चुनावी घोषणापत्रझैं भए र अन्ततः सिंहदरबारको शिर नै निहुरिएको छ, घुम्टो हालेर रहेको रेल जस्तै देशको शान अहिले केन्द्रीय पूर्वाधारहरू अनुहार छोपेर निहुरिरहेका छन् ।


शहीदहरू माथि गिरी खेल्ने लोकतन्त्रले बीस हजार मान्छे शहीद थप्दै जाने, तिनलाई रकम बाँड्दै जाने, तर जीवितहरूलाई निचोर्दै जाने । प्रसूती गृहदेखि आर्यघाटसम्मका गलाहरू रेट्दै जाने, लोकतन्त्रको पछिल्लो चुनावले के निकास देला ? के केही मान्छे बदलिँदैमा देशको मुहार हँसिलो होला ? म्यादी प्रहरी नभए बाँकी संयन्त्रहरूले चुनावै गराउन नसक्ने हुन् ? विदेशीले सवारी साधन नदिए, बा उनीहरूले सहयोग नगरे, यहाँ केही हुनै नसक्ने नै हो र ? स्वास्थ्य क्षेत्रमा पनि लामो समयदेखि विदेशी एजेन्सीहरूले धेरै सहयोग गरेका छन्, यतिबेला बिमाको केसमा स्वास्थ्य मन्त्रालयको पहल किन नभएको र उल्टै स्रोत नभएको भन्दै बन्द गर्न तिर किन लागेको होला ? पंक्ति तयार हुँद, माघ अन्तिम दिन पनि बिमा बोर्डले एक लाखको सुविधा नघटाएको झुठ प्रसार गरिरहेको छ, व्यवहारमा त्यो सुविधा पाएको अवस्था छैन, घुमाइएको छ र २५ हजारमा घटाइएको छ ।

## इतिहासमा आज

२७ फेब्रुअरी २०१० मा चिलीको मध्य भागमा ८.८ रेक्टर स्केलको भूकम्प जाँदा ५०० भन्दा बढीले ज्यान गुमाएका थिए भने ठूलो भौतिक संरचनामा क्षति भएको थियो । भूकम्पसँगै आएको सुनामीले पनि ठूलो क्षति निम्त्यायो ।



२७ फेब्रुअरी २०१३ मा स्विट्जरल्याण्डको मेन्जनाउमा रहेको एक कारखानामा गोलीबारी हुँदा पाँच जना (अपराधीसहित) मारिएका थिए भने अन्य पाँच जना घाइते भएका थिए ।



२७ फेब्रुअरी २०१५ मा रूसी राजनीतिज्ञ बोरिस नेमत्सोभलाई आफ्नी प्रेमिकासँग हिँडिरहेको बेला मस्कोमा हत्या गरिएको थियो ।



२७ फेब्रुअरी २०१९ मा पाकिस्तानी वायुसेनाको जेएफ-१७ थन्डरले भारतीय पाइलट अभिनन्दन वर्थमानको मिग-२१ लाई हवाई लडाईमा खसालेर उनलाई पक्राउ गरेको थियो ।



# चुनावी मौसममा भान्साको आगो

टिप्पणी



● रूपा अर्याल

> *लोकतन्त्र केवल मतपत्रको अभ्यास होइन; यो त नागरिकको दैनिक जीवनसँग गाँसिएको व्यवस्था हो । यदि चुनावको मौसमसँगै भान्साको खर्च असह्य रूपमा बढ्छ भने त्यो लोकतान्त्रिक उत्सव अधुरो रहन्छ ।*

हरेक निर्वाचन नजिकिँदै जाँदा सहरका चोक चौराहामा झन्डा फहरिन्छन्, नाराहरू घन्किन्छन् र भाषणका मञ्चहरू बाक्लिन्छन् । लोकतन्त्रको उत्सव भनिने यही मौसममा भान्साको आगो भने झन् महँगो इन्धनले बल्न थाल्छ । चामल, दाल, तेल, चिनी जस्ता दैनिक उपभोग्य वस्तुको मूल्य अकस्मात् उकालो लाग्छ, तर सरकारी वक्तव्यमा 'मूल्यवृद्धि खासै भएको छैन' भन्ने दाबी दोहोरिन्छ । यथार्थ र तथ्यांकबिचको यही दूरी नै आजको मुख्य प्रश्न हो ।

निर्वाचनको समयमा बजार महँगिनुको पहिलो र कमै खुला रूपमा स्वीकार गरिने कारण हो- राजनीतिक चन्दाको अदृश्य भार । उद्योगी र ठूला व्यापारीहरूलाई दलहरूले चुनावी खर्चका लागि ठूलो रकम जुटाउन दबाब दिने अभ्यास नौलो होइन । औपचारिक हिसाबकिताबमा त्यो रकम देखिँदैन, तर बजारमा त्यसको असर सजिलै देखिन्छ । व्यापारीले चन्दा आफ्नै नाफाबाट व्यहोर्ने संस्कार बलियो छैन; त्यसलाई उत्पादन लागतमा मिसाइन्छ, ढुवानी खर्चमा थपिन्छ वा अधिकतम खुद्रा मूल्य (एमआरपी) बढाएर उपभोक्तामाथि सारिन्छ । परिणामतः चुनावी नाराको मूल्य अन्ततः सर्वसाधारणले तिर्नुपर्छ ।

यसको एउटा उदाहरण २०७९ को संघीय निर्वाचनअघि देखिएको खाने तेल र दालको मूल्यवृद्धि हो । त्यतिबेला अन्तर्राष्ट्रिय बजारमा केही उतारचढाव भए पनि स्थानीय बजारमा देखिएको वृद्धिदर अस्वाभाविक थियो । उद्योगीहरू अनौपचारिक रूपमा 'लागत बढेको' भन्दै मूल्य समायोजन गर्थे, तर त्यो लागतमा के-के जोडिएको छ भन्ने पारदर्शिता हुँदैनथ्यो । निर्वाचन सकिएपछि केही वस्तुको मूल्य थोरै घटे पनि चुनावअघि बढेको स्तरमै टिकिरह्यो । यसले मूल्य निर्धारणमा आर्थिकभन्दा बढी राजनीतिक चाप काम गरेको संकेत दिन्छ ।

दोस्रो कारण हो- कमजोर बजार अनुगमन र कृत्रिम अभावको खेल । निर्वाचनका बेला प्रशासन, प्रहरी र स्थानीय निकायको ध्यान सुरक्षा व्यवस्थापन, सभा-जुलुस र मतगणनातिर केन्द्रित हुन्छ । यही समयलाई अवसर ठानेर केही बिचौलिया र थोक व्यापारीले गोदाममा मौज्दात रोकेर बजारमा अभावको सन्देश फैलाउँछन् । उपभोक्ताले 'भोलि अझै महँगो हुन्छ' भन्ने डरले बढी किन्न थाल्छन्, माग कृत्रिम रूपमा बढ्छ र मूल्य चढ्छ ।

नेपालजस्तो आयात-निर्भर मुलुकमा यस्तो खेल सजिलो छ । पेट्रोलियम पदार्थ, दाल, कच्चा तेल, यहाँसम्म कि चामलको ठूलो हिस्सा पनि बाहिरबाट आउँछ । जब अमेरिकी डलर बलियो हुन्छ, आयात लागत स्वाभाविक रूपमा बढ्छ । पछिल्ला वर्षहरूमा डलरको विनिमय दर उच्च रहनु मूल्य नघट्नुको एउटा कारण अवश्य हो । तर समस्या यतिमै सीमित छैन । अन्तर्राष्ट्रिय बजारमा मूल्य घट्दा 'पुरानो स्टक महँगोमा किनेको' भन्दै मूल्य घटाइँदैन, तर बढ्दा भने भोलिपल्टै नयाँ मूल्य सूची लागू हुन्छ । यो असमान व्यवहारले बजारलाई उपभोक्तामैत्री होइन, व्यापारीमैत्री बनाउँछ ।

छिमेकी भारतसँगको निर्भरता पनि अर्को संवेदनशील पक्ष हो । भारतले धान वा चामलको निर्यातमा कर लगाउँदा वा न्यूनतम समर्थन मूल्य बढाउँदा त्यसको सीधा असर नेपाली बजारमा पर्छ । उदाहरणका लागि, भारतले २०२३ मा केही प्रकारका चामल निर्यातमा प्रतिबन्ध लगाउँदा नेपाली बजारमा तुरुन्तै मूल्य उकालो लाग्यो । तर, कहिलेकाहीं त्यहाँ नीति परिवर्तन नभए पनि यहाँ मूल्य बढेको पाइन्छ । यसले आन्तरिक सञ्जालमा कृत्रिम अभाव सिर्जना गरी बढी नाफा असुल्ने प्रवृत्ति बलियो रहेको देखाउँछ । सीमावर्ती नाकाबाट ठूलो मात्रामा चामल र दाल बाहिर पठाएर भित्र अभाव देखाउने अभ्यासबारे पटक-पटक प्रश्न उठेका छन्, तर कारबाही विरलै देखिन्छ ।

तेस्रो महत्वपूर्ण पक्ष हो- सरकारी तथ्यांक र उपभोक्ताको भान्साबिचको खाडल । नेपाल राष्ट्र बैंक वा केन्द्रीय तथ्यांक निकायले निकाल्ने मुद्रास्फीति दर औसतमा आधारित हुन्छ । त्यसमा टेलिभिजन, सवारीसाधन, शिक्षा, मनोरञ्जन जस्ता शीर्षक पनि जोडिन्छन् । यदि यी वस्तुको मूल्य स्थिर छ भने समग्र महँगी दर कम देखिन्छ । चुनावी खर्चको अर्को प्रभाव नगद प्रवाहमा देखिन्छ । चुनावका बेला वैध र अवैध दुवै प्रकारको नगद बजारमा प्रवेश गर्छ । कार्यकर्ता परिचालन, प्रचार-प्रसार, यातायात र अन्य शीर्षकमा ठूलो रकम खर्च हुन्छ । अचानक बढेको नगदले माग चाप बढाउँछ, विशेषगरी खाद्यान्न र उपभोग्य वस्तुमा ।

समाधान के त ? पहिलो, राजनीतिक दलहरूको चुनावी खर्च पारदर्शी र कानुनी दायरामा हुनुपर्छ । राज्यले तोकेको सीमाभित्रै खर्च हुने व्यवस्था कडाइका साथ लागू भए चन्दाको अदृश्य भार घट्न सक्छ । दोस्रो, निर्वाचन अवधिमा विशेष बजार अनुगमन संयन्त्र सक्रिय हुनुपर्छ, जसले गोदामदेखि खुद्रा पसलसम्म निगरानी गरोस् । तेस्रो, उपभोक्तामुखी तथ्यांक सार्वजनिक गरिनुपर्छ–खासगरी खाद्यान्न समूहको पृथक् सूचक, जसले भान्सामा परेको वास्तविक असर देखाओस् ।

लोकतन्त्र केवल मतपत्रको अभ्यास होइन; यो त नागरिकको दैनिक जीवनसँग गाँसिएको व्यवस्था हो । यदि चुनावको मौसमसँगै भान्साको खर्च असह्य रूपमा बढ्छ भने त्यो लोकतान्त्रिक उत्सव अधुरो रहन्छ । नाराले पेट भरिँदैन, भाषणले भाडा तिर्न सकिँदैन । साँचो राजनीतिक प्रतिबद्धता भनेको चुनाव जित्नु मात्र होइन, उपभोक्ताको थालमा पर्ने भार कम गर्नु पनि हो । जबसम्म चुनावी खर्चको अदृश्य मूल्य सर्वसाधारणले तिर्नुपर्छ, तबसम्म महँगी केवल आर्थिक समस्या होइन, राजनीतिक उत्तरदायित्वको प्रश्न पनि बन्नेछ ।

## सामाजिक सञ्जाल



पुष्पराज आचार्य

धेरै असाधारण र विलक्षण नेता चाहिएको होइन । नियत सफा भएको, जबाफदेही र सकारात्मक ऊर्जा भएको समन्वयकारी नेता चाहिएको हो । देवत्वकरण गर्नेहरूसँग मलाई खासै गुनासो छैन किनकि हामी सबै प्रशंसाका प्यादा छौं । तर यति बुझ्दैनौं कि जति उचाइमा पुगिन्छ त्यति धेरै पक्षहरूको सन्तुलन मिलाउनुपर्ने हुन्छ ।

मतदान र कन्यादान दुवै अत्यन्त संवेदनशील, महत्वपूर्ण र सबै दानहरूभन्दा उच्च दान हो । गलत व्यक्तिलाई कन्यादान पर्‍यो भने कन्याको भविष्य बरबाद हुन्छ । मतदान पनि गलत व्यक्ति र पार्टीलाई दिइयो भने देश बरबाद हुन्छ । देश जिम्मा लगाउने मतदान सोचेर गरौँ । मत परिवर्तन होइन, सोच परिवर्तन गरौँ ।




ओमकुमार थापा



राम गौतम

१० वटा मुद्दा बोकेर आफू हिँड्ने अनि अरूलाई चाहीँ कानुनी शासन ल्याउँछु भनेर भ्रम छर्नेहरूलाई विश्वास गर्ने हाम्रो समाज छ ! अरूलाई चोर भन्छ, तर आफू खुलेआम भाटभोटेनीमा समान उठाउँछ र उसले पनि समाजमा नेतृत्व लिन्छु भन्छ, हामी त्यसैको पछि दौडिन्छौं र फेरी देश परिवर्तन भएन भन्छौं ! कठै समाज !

कथित संविधानले हाम्रा दाजुभाइ दिदीबहिनीको अपमान गर्ने गरी दलित शब्द प्रयोग गरेको छ । शिल्पी समुदाय उत्थान गर्ने चर्को नारा लगाउने प्रमुख राजनीतिक दलहरूले नै प्रत्यक्षमा दलित महिला उम्मेदवार बनाउने सकेको छैन । पाँच प्रमुख दलमध्ये एमाले र राप्रपाले एक जना मात्र उम्मेदवार बनाएको छ ।



नरेन्द्र विक्रम चन्द

मध्यान्ह दैनिकका लागि लेख, विचार, टिप्पणी इमेल : article.madhyanhadaily@gmail.com मा पठाउन सक्नुहुने छ । तपाईंले पठाएका सामग्रीलाई उचित स्थान दिइने छ । - सं.

# रक्तचापका बिरामीलाई एनसिसी कतारको पहलमा आर्थिक सहयोग

**तिलु शर्मा पौडेल/मध्यान्ह**
दोहा कतार, १४ फागुन

गैरआवासीय नेपाली संघ (एनआरएनए एनसिसी) कतारका पूर्व कार्यसमिति सदस्य तथा सांस्कृतिक संयोजक सामुयल सुनुवार 'साम'लाई आर्थिक सहयोग गरिएको छ।

कतारमा उच्च रक्तचापका कारण काम गर्दा गर्दै बेहोस भएपछि प्रारम्भिक उपचारपश्चात् बाँकी उपचारका लागि नेपाल पठाइएसँगै आर्थिक अभाव देखिएका कारण एनसिसीका द्वितीय उपाध्यक्ष तथा श्रमिक विभाग संयोजक सन्तोष पौडेलको संयोजकत्वमा संकलित २ लाख रुपैयाँ सहयोगस्वरूप पठाइएको हो। हाल काठमाडौंको नयाँ बानेश्वरस्थित होलिस्टिक हेल्थमा चेकजाँच गराउँदै घरमा आराम गरिरहेका सुनुवार कतारबाट नेपाल फिर्ता पठाउँदा बोल्न सक्ने अवस्थामा थिएनन्, तर अहिले कुराकानी गर्ने र स्वास्थ्य सुधारोन्मुख रहेको जानकारी आफूले पाएको उपाध्यक्ष पौडेलले बताए। एनसिसीमा आबद्ध रहेका बेला विशेषगरी कतारमा रहेका कलाकारहरू माझ रहेर उनले काम गरेका थिए। उनी नव कलाकारका प्रिय थिए।



रामेछाप जिल्ला उमाकुण्ड गाउँपालिका प्रीति-४ मा जन्मिएका सुनुवार वैदेशिक रोजगारीको सिलसिलामा सन् २०१४ जुलाईदेखि कतारमा कार्यरत थिए। सुनुवार सेवा समाज शाखा कतारका (पूर्व अध्यक्ष), नेपाल आदिवासी जनजाति महासंघ कतारका सल्लाहकार, रामेछाप सेवा समाज कतारका विशेष सल्लाहकार लगायतका विभिन्न संघ संस्थामा आबद्ध रहेका थिए।

# रौतहटका वडाध्यक्ष पुर्पक्षका लागि जेल चलान

**सत्येन्द्र प्रताप सिंह/मध्यान्ह**
रौतहट, १४ फागुन

रौतहटको दुर्गाभगवती गाउँपालिका-४ का वडाध्यक्ष रामानन्द प्रसाद बालिका अपहरण तथा शरीर बन्धकसम्बन्धी मुद्दामा पुर्पक्षका लागि जेल चलान भएका छन्। जिल्ला अदालत मकवानपुरले उनलाई पुर्पक्षका लागि कारागार पठाउन आदेश दिएपछि यो घटनाले नयाँ मोड लिएको हो।

जिल्ला अदालत मकवानपुरकी न्यायाधीश पूर्णिमा कोइरालाको एकल इजलासले वडाध्यक्ष प्रसाद माथि लागेको अभियोगको गम्भीरतालाई ध्यानमा राख्दै उनलाई थुनामा राखेर मुद्दाको प्रक्रिया अगाडि बढाउन आदेश दिएको हो। अदालतको उक्त आदेशपछि उनलाई मकवानपुरको भीमफेदी कारागार पठाइएको छ।

२०७४ को सम्बन्धित दफा बमोजिम उनलाई कारागार पठाउन प्रहरीलाई निर्देशन दिएको थियो। गत पुस २ गतेदेखि दुर्गाभगवती गाउँपालिका-४ छतौनाकी १४ वर्षीया बालिका बेपत्ता भएकी थिइन्। प्रहरीको प्रारम्भिक अनुसन्धान अनुसार ती बालिकालाई सोही ठाउँका २० वर्षीय युवक दिलीपले हेटौँडाबाट भगाएको देखिएको छ। तर घटना भएको लामो समय बितिसक्दा पनि बालिका र ती युवक दुवैको अवस्था अज्ञात रहेको छ।

बालिकाका पिता नेमलाल राय यादवले आफ्नी छोरीको खोजी र दोषीमाथि कारबाहीको माग गर्दै मकवानपुर र रौतहट दुवै जिल्लाका प्रहरी कार्यालयमा उजुरी दर्ता गराएका थिए। यस अपहरण प्रकरणमा वडाध्यक्ष प्रसादको संलग्नता देखिए पनि अन्य पाँच जना आरोपीहरू अझै प्रहरीको पहुँच बाहिर छन्।

## Sudurpaschim Province Government
## Ministry of Physical Infrastructure Development
## Water Resources and Irrigation Development Sub Division Office
### Martadi, Bajura

### Invitation for E-Bids

**First Date Of Publication :- 2082-11-15 BS (2026-02-27)AD**

A complete set of Bidding Documents and further information can be inspected by visiting the PPMO'S website www.bolpatra.gov.np/egp.

| IFB Number | Description of Works | Estimated Amount (Exclusive of PS, Contingency & VAT) | Bid Security Amount (NRs) | Bid Document Price (NRs) |
|---|---|---|---|---|
| WRISDOBAJURA/15/2082-83 | Construction Of Canal and Canal Structure at Jolakhola Bagude khet ISP, Thulaakhola dekhi Lama khet and Kaale Gaad ISP at Budhinanda-7, Bajura | 21,09,762.57 | 60,000.00 | 3000.00 |
| WRISDOBAJURA/16/2082-83 | Construction Of Canal And Canal Structure Biuridulo Irrigation and Hydro canal construction ISP at Himali-5,Bajura | 1,59,48,844.22 | 5,00,000.00 | 3000.00 |

**Sub Division Chief**

## Saptakoshi Municipality
## Office of Municipal Executive
### Tulsi Chowk, Saptary
### Madhesh Province

### Invitation for Electronic Bids

**Date of publication: 2082-11-15**

1. Saptakoshi Municipality invites electronic bids from Nepalese eligible bidders for the Procurement of Kamaldah Tourist Spot Package III under National Competitive Bidding procedures.
2. Eligible Bidders may obtain further information from PPMO website www.bolpatra.gov.np/egp.
3. The name and identification of the contract are as follows:

| S. N. | Contract ID No. | Description of Work | Estimated Amount NRs (Without VAT and PS) | Bid Security Amount (Rs.) | Bid Document Fee (Rs.) |
|---|---|---|---|---|---|
| 1. | 04/NCB/W/ KTS/2082-083 | Kamaldah Tourist Spot Package III | 1,69,65,024.77 | 5,00,000 | 3,000 |

**Chief Administrative Officer**

## Ratuwamai Municipality
## Office Of Municipal Executive
### Sijuwa, Morang
### Koshi Province, Nepal

### Invitation for Procurement of Works

**First Date of Publication : 2082/11/15**

1. Ratuwamai Municipality Office invites electronic bids from Nepalese eligible bidders for the construction works mentioned below :-

| S. N. | Contract Name/Contract ID | Estimated amount NRs. (Without VAT and contingencies) | Cost of Bidding Document (NRs) | Bid Security Amount (Nrs) | Deadline date of bid submission and opening date |
|---|---|---|---|---|---|
| 1. | Bhalkhuwa Jungle Dakshin Box Culvert Samma KO sadak (Rmun/NCB/Works/17/2082/83) | Nrs. *36,33,346.58*/- | 3,000/- | 1,00,000/- | Submission Deadline 2082/12/16, 12:00 Noon; Opening Date 2082/12/16, 13:00 Noon |

2. Eligible Bidders may obtain further information by visiting PPMO website www.bolpatra.gov.np/egp .
3. A complete set of bidding documents may be downloaded for e-submission from PPMO website and should deposit the cost (as specified above) of bidding document in the office Rajaswa (Revenue) account as specified below and the scanned copy (pdf format) of the bank deposit voucher shall be uploaded by the bidder at the time of electronic submission of the bids. Information to deposit the cost of bidding document and bid security in bank are as follows:

| Bid Document Purchase Fee | Bid Security |
|---|---|
| Name of Bank : **Nepal Investment Mega Bank Ltd.**<br>Account Name : **Ga.1.1 Ratuwamai Na.Pa Aantarik Rajasho Khata : Rajashwa Shirshak (revenue No.): 14229**<br>Account Number : **09701400000093** | Name of Bank : **Nepal Investment Mega Bank Ltd.**<br>Account Name : **Ga.3.1 Ratuwamai Na.Pa Dharauti Khata**<br>Account Number : **09701400000031** |

4. If the last date of opening falls on government holiday, then the working day shall be considered as the last date. In such case the validity period of the bid security shall remain same as specified for the original last date of bid submission.

**Chief Administrative Officer**


## मलेसियामा रोजगार

कम्पनी :GOLDEN CORN PLANTATION SDN. BHD. — शहर :JALAN
पूर्व स्वीकृत मितिः २०८२/११/१४ — चलानी नं.: ६०२५३०५० — LT. No.: 339705

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब RM | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Agriculture Labour | 120 | 0 | स. काममा दक्ष | 1700 | ६३,४४४ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

कम्पनी :AUREUMAEX INDUSTRIES SDN BHD — शहर :JALAN
पूर्व स्वीकृत मितिः २०८२/११/१४ — चलानी नं.: ६०२५३०५४ — LT. No.: 339773

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब RM | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Production Operator | 18 | 0 | स. काममा दक्ष | 1700 | ६३,४४४ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

कम्पनी :BIOFACT LIFE SDN BHD — शहर :MALAYSIA
पूर्व स्वीकृत मितिः २०८२/११/१४ — चलानी नं.: ६०२५३०४४ — LT. No.: 339710

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब RM | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Production Operator | 7 | 0 | स. काममा दक्ष | 1700 | ६३,४४४ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

कम्पनी :LUM MAH PLASTIC & PRINTING SDN. BHD. — शहर :JALAN
पूर्व स्वीकृत मितिः २०८२/११/१४ — चलानी नं.: ६०२५३०४९ — LT. No.: 339706

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब RM | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | General Worker/Factory Worker | 5 | 0 | स. काममा दक्ष | 1700 | ६३,४४४ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

कम्पनी :NEWBOX SDN. BHD. — शहर :JALAN
पूर्व स्वीकृत मितिः २०८२/११/१४ — चलानी नं.: ६०२५३०४७ — LT. No.: 339708

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब RM | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | General Worker/Factory Worker | 2 | 0 | स. काममा दक्ष | 1700 | ६३,४४४ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

कम्पनी :STH MUNIL SDN BHD — शहर :JALAN
पूर्व स्वीकृत मितिः २०८२/११/१४ — चलानी नं.: ६०२५३०४२ — LT. No.: 339711

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब RM | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Plantation Worker | 11 | 0 | स. काममा दक्ष | 1700 | ६३,४४४ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

कम्पनी :OLYMPIC CABLE COMPANY SDN BHD — शहर :JALAN
पूर्व स्वीकृत मितिः २०८२/११/१४ — चलानी नं.: ६०२५३०४८ — LT. No.: 339707

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब RM | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | General Worker/Factory Worker | 140 | 0 | स. काममा दक्ष | 1700 | ६३,४४४ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

कम्पनी :SYP RECOVERY & RECYCLING SDN. BHD. — शहर :JALAN
पूर्व स्वीकृत मितिः २०८२/११/१४ — चलानी नं.: ६०२५३०५३ — LT. No.: 339703

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब RM | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | General Worker/Factory Worker | 30 | 0 | स. काममा दक्ष | 1700 | ६३,४४४ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

कम्पनी :TEGS ASIA INDUSTRIES SDN BHD — शहर :JALAN
पूर्व स्वीकृत मितिः २०८२/११/१४ — चलानी नं.: ६०२५३०४५ — LT. No.:339709

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब RM | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Production Operator | 5 | 0 | स. काममा दक्ष | 1700 | ६३,४४४ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

कम्पनी :TRUE TAPE TECHNOLOGY SDN BHD — शहर :JALAN
पूर्व स्वीकृत मितिः २०८२/११/१४ — चलानी नं.: ६०२५३०५२ — LT. No.:339704

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब RM | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Production Operator | 3 | 0 | स. काममा दक्ष | 1700 | ६३,४४४ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

**अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८२ फागुन २२ गते (6 March 2026) मा हुनेछ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्होर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्होर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्होर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्होर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्होर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्होर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्होर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. २५९६ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. २१०० कामदारले | रु. १,५०० कामदारले | नि शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला। बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला। आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ। ३. यस विज्ञापन (सुचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला। ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ। ५. विदेश जानु अघि आफू जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला। ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ। ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला।

AL-Moon Overseas Pvt. Ltd. — Govt. License No: 992/068/069
**Al-Moon Overseas Pvt. Ltd**
Tokha-5, Basundhara, Kathmandu, Nepal, Phone: +977-1-4989718, 4989719
Email:info@almoonmanpower.com | Web: www.almoonmanpower.com

## मलेसियामा रोजगार

कम्पनीः RED CHANNEL SECURITY SDN. BHD — शहरः MALAYSIA
पूर्व स्वीकृत मितिः २०८२/०३/१० — चलानी नं.: ६०२४००५५ — LT. No.: 326129 — पून विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब RM | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Security Guards | 48 | 0 | स. काममा दक्ष | 1700 | ६३,४४४ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

**अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८२ फागुन २२ गते (6 March 2026) मा हुनेछ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्होर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्होर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्होर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्होर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्होर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्होर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्होर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. २३०८ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. २१०० कामदारले | रु. १,५०० कामदारले | निःशुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला। बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला। आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ। ३. यस विज्ञापन (सुचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला। ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ। ५. विदेश जानु अघि आफू जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला। ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ। ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला।

**SAMRAT HUMAN RESOURCES PVT. LTD.** License No: 1729/081/082
Dhumbarahi, Kathmandu- 4, Nepal, Ph No: 01- 4548013, 4548014, 9823073198, 9862340180
9851044152, 9851225179, Mail: info.samrathr@gmail.com, Web: www.samrathr.com

## युएईमा रोजगार

कम्पनीः BEST CLEANING COMPANY LLC — शहरः UAE
पूर्व स्वीकृत मितिः २०८२/११/१४ — चलानी नं.: ६०२५३०३८ — LT. No.: 339571

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब AED | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा / बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Cleaners (Male) | 20 | 0 | सम्बन्धित काममा दक्ष | 1000 | ३९,५४० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | २ वर्ष |
| 2. | Cleaners (Ladies) | 0 | 20 | | 1000 | ३९,५४० | | | | | | |

**अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८२ फागुन २२ गते (6 March 2026) मा हुनेछ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्होर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्होर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्होर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्होर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्होर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्होर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्होर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. २५९६ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. २१०० कामदारले | रु. १,५०० कामदारले | निःशुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला। बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला। आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ। ३. यस विज्ञापन (सुचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला। ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ। ५. विदेश जानु अघि आफू जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला। ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ। ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला।

**True Human Resource Pvt. Ltd.** — श्रम इजाजत नं. १६०७/०७९/०८०
Tel: 01-5911977, 5911978, Mobile : 9822797702, Email : info@thrnepal.com,
thrnepal22@gmail.com, Shambhu Marg, Kathmandu, Manpower Bazar, Near Airport Gate.

## कुवेतमा रोजगार

कम्पनी : AL HAJRI GENERAL TRADING & CONTRACTING CO. — शहर : KUWAIT,AL ARDIYA
पूर्व स्वीकृत मितिः २०८२/०८/१७ — चलानी नं.: ६०२४८३६८ — LT. No.:334741 — पुन विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब KD | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा / बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | LABOURER/GARDENER | 180 | 0 | स. काममा दक्ष | 95 | ४५,१५८ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | २ वर्ष |

**अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८२ फागुन २२ गते (6 March 2026) मा हुनेछ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्होर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्होर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्होर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्होर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्होर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्होर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्होर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. २५९६ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. २,१०० कामदारले | रु. १,५०० कामदारले | निःशुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला। बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला। आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ। ३. यस विज्ञापन (सुचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला। ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ। ५. विदेश जानु अघि आफू जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला। ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ। ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला।

**Om International Human Resources Pvt. Ltd.**
Lic No.: 1437/074/075, Basundhara, Kathmandu, Nepal, Tel : 01-4963646, 4980145

## युएईमा रोजगार

कम्पनी : TARGET ENGINEERING CONSTRUCTION COMPANY — शहरः UAE
पूर्व स्वीकृत मितिः२०८२/११/१४ — चलानी नं.: ६०२५३०४३ — LT. No.: 339534

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब AED | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा / बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Carpenter Assistant | 40 | 0 | सम्बन्धित काममा दक्ष | 1200 | ४७,४४८ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | २ वर्ष |
| 2. | Labourer / Worker/ Building Worker / Worker | 150 | 0 | | 1000 | ३९,५४० | | | | | | |

**अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८२ फागुन २२ गते (6 March 2026) मा हुनेछ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्होर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्होर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्होर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्होर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्होर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्होर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्होर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. २५९६ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. २१०० कामदारले | रु. १,५०० कामदारले | निःशुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला। बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला। आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ। ३. यस विज्ञापन (सुचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला। ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ। ५. विदेश जानु अघि आफू जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला। ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ। ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला।

**SHIKHAR INT'L MANPOWER Services Pvt. Ltd.**
Shikhar House, Near Radisson Hotel
Lazimpat - 2, Kathmandu, Nepal
Tel.: 4541707 (6 Line), www.shikharmanpower.com.np

## युएईमा रोजगार

कम्पनीः SAND AL AWAL TECHNICAL SERRVICES LLC — शहरः DUBAI
पुर्व स्वीकृत मितिः २०८२/०५/०५ — चलानी नं.:६०२४३६१६ — LT. No.: 329828 — पून विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब AED | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Mason (GCC) | 1 | 0 | स. काममा दक्ष | 1500 | ५९,३१० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | २ वर्ष |

**अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८२ फागुन २२ गते (6 March 2026) मा हुनेछ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्होर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्होर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्होर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्होर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्होर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्होर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्होर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. २५९५ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. २१०० कामदारले | रु. १,५०० कामदारले | निःशुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला। बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला। आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ। ३. यस विज्ञापन (सुचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला। ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ। ५. विदेश जानु अघि आफू जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला। ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ। ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला।

**Well Growing Recruitment (P.) Ltd.** — श्रम इजाजत नं. १५१३/०७४/०७५
House No. 536, Bansbari, Sallaghari Chakrapath, Kathmandu Nepal, Phone: 01-5916635
| www.wellgrowingrecruitment.com.np, Email : wellgrowing@gmail.com.
Mobile: 9866550748, 9741827319, 9810673421, 9827707245 & 9864903199

मध्यान्ह
राष्ट्रिय दैनिक
www.madhyanhadaily.com

१५ फागुन २०८२ शुक्रबार
27 February 2026 Friday

# नवलपरासीमा सीमा नाका बन्द, मदिरा बिक्री–सेवन निषेध

**बिनोद निगम / मध्यान्ह**
नवलपरासी, १४ फागुन



पश्चिम नवलपरासीमा फागुन २१ गते हुने प्रतिनिधिसभा सदस्य निर्वाचनलाई स्वतन्त्र, निष्पक्ष र भयरहित वातावरणमा सम्पन्न गराउन भारतसँग जोडिएका सबै सीमा नाका अस्थायी रूपमा बन्द गरिने भएको छ। जिल्ला प्रशासन कार्यालयका अनुसार फागुन १८ गते राति १२ बजेबाट फागुन २१ गते राति १२ बजेसम्म जिल्लाका सबै सीमा नाकाबाट आवागमनमा रोक लगाइनेछ। त्यसैगरी निर्वाचन अवधिभर जिल्लाभर मदिराजन्य पदार्थको बिक्री, वितरण तथा सार्वजनिक स्थलमा सेवन पूर्णरूपमा निषेध गरिएको छ । प्रशासनले फागुन १४ गते राति १२ बजेदेखि निर्वाचन प्रक्रिया सम्पन्न नभएसम्म मदिरा कारोबार र सेवनमा प्रतिबन्ध रहने जनाएको छ ।

प्रशासनले जारी सूचनाको उल्लंघन गरेमा कानून बमोजिम कडा कारबाही गरिने चेतावनी दिएको छ । साथै, निर्णयको प्रभावकारी कार्यान्वयनका लागि सुरक्षा निकायले अनुगमन गर्ने जनाइएको छ ।

सहायक प्रमुख जिल्ला अधिकारी पोषणराज भण्डारीले निर्वाचनलाई शान्तिपूर्ण, व्यवस्थित र मर्यादित बनाउन आवश्यक सुरक्षा तथा व्यवस्थापनका सबै तयारी पूरा भएको जानकारी दिए । उनले होटल व्यवसायी, राजनीतिक दल, नागरिक समाज र सर्वसाधारणलाई प्रशासनको निर्णय कार्यान्वयनमा सहयोग गर्न अपिल गरेका छन् ।

## आयुर्वेद चिकित्सालयमा मानसिक स्वास्थ्य विशेषज्ञ सेवा सञ्चालन

**रामहरि कार्की / मध्यान्ह**
ललितपुर, १४ फागुन

ललितपुरको ताल्छिखेलस्थित आयुर्वेद तथा वैकल्पिक चिकित्सालयले मानसिक स्वास्थ्य सम्बन्धी विशेषज्ञ सेवा सञ्चालनमा ल्याएको छ ।

चिकित्सालयले बढ्दो मानसिक समस्या र आवश्यकतालाई मध्यनजर गर्दै प्रत्येक महिनाको दोस्रो र चौथो सोमबार बिहान ८ बजेदेखि मानसिक तथा मनोविज्ञान विशेषज्ञ सेवा प्रदान गर्ने भएको छ ।

विश्व स्वास्थ्य संगठनको तथ्यांक अनुसार विश्वभर करिब १० प्रतिशत मानिस मानसिक रोगबाट पीडित छन् । चिन्ता, अवसाद, आघातपछिको मानसिक तनाव, द्विध्रुवीय मानसिक अवस्था, सीमारेखीय व्यक्तित्व समस्या र खानपान सम्बन्धी समस्या प्रमुख मानसिक समस्याका रूपमा देखिएका छन् । चिकित्सालयका सेवाअन्तर्गत डर, अनावश्यक चिन्ता, निन्द्रा नलाग्ने, एकान्त बस्न चाहने जस्ता लक्षणको परीक्षण र उपचार गरिनेछ। महिलामा महिनावारीको समयमा देखिने चिडचिडापन, मनस्थितिमा उतारचढाव, शरीर दुखाइ, निन्द्रा समस्या, चिन्ता र अवसादको पनि परीक्षण गरिनेछ ।

साथै माइग्रेन र अन्य टाउको दुखाइको पनि परीक्षण हुनेछ । उपचारका क्रममा आवश्यक औषधि उपलब्ध गराइने साथै शिरोधारा, शिरोबस्ति, शिरोपिचु र नस्य जस्ता आयुर्वेदिक उपचार विधि पनि प्रयोग गरिने चिकित्सालयका प्रमुख डा. पुनम नेपालले जानकारी दिइन् । डा.नेपालले मानसिक स्वास्थ्य समस्या भएका व्यक्तिलाई समयमै परीक्षण गराएर उपचार सेवा लिन आग्रह गरेकी छिन् ।


## साउदीमा रोजगार

कम्पनी : SHAHAD AL KHALEEJ MANUFACTURING FACTORY. शहर : RIYADH
पूर्व स्वीकृत मितिः २०८२/११/१४ चलानी नं.: ६०२५३०१८ LT. No.: 339553

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Worker Load And Unload | 10 | 0 | स. काममा दक्ष | 1000 | ३८,७१० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८२ फागुन २२ गते (6 March 2026) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. २५९५ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. २१०० कामदारले | रु. १,५०० कामदारले | रु. १०,००० कामदारले |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा बैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।

S.L.D.INTERNATIONAL PVT.LTD.
श्रम इजाजत नं. ६७२/०६३/६४
बसुन्धरा चौकी, धापासी, काठमाडौं, फोन नं. ०१- ५९०२८२४, ५९०२८२५ मो.:९८५१०४७३६५, ९८१८६२८४४८.

## ओमनमा रोजगार

कम्पनी : A AND H LLC शहर : OMAN,AL KHAWD, AL SEEB
पूर्व स्वीकृत मितिः २०८२/११/१३ चलानी नं.: ६०२५२९९६ L.T. No.: 339480

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब OR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Clerk | 4 | 0 | स. काममा दक्ष | 130 | ४९,०९९ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८२ फागुन २२ गते (6 March 2026) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. २५९६ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. २१०० कामदारले | रु. १,५०० कामदारले | निःशुल्क |


बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा बैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।


NEPAL PLACEMENT AGENCY PVT. LTD.
श्रम इजाजत नं.: ३९०/०५९/०६०
Shuberna Shamsher Marga- 4, Baluwatar, Kathmandu, Nepal
Tel: 01- 4432999 01-4431239, 9851002903, 9851123405
Email: info@npajobs.com, Web.: www.npajobs.com

## साउदीमा रोजगार

कम्पनी: JAWA HUMAN RESOURCES COMPANY शहर : SAUDI
पूर्व स्वीकृत मितिः २०८२/११/१३ चलानी नं.:६०२५२९९१ LT. No.: 339696

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Forklifet Operator | 15 | 0 | स. काममा दक्ष | 1500 | ५८,०६५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

कम्पनी: JAWA HUMAN RESOURCES COMPANY शहर : SAUDI
पूर्व स्वीकृत मितिः २०८२/११/१३ चलानी नं.:६०२५२९९२ LT. No.:339695

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Forklift Driver (Operators) | 6 | 0 | स. काममा दक्ष | 1500 | ५८,०६५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८२ फागुन २१ गते (5 March 2026) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. २५९६ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. २१०० कामदारले | रु. १,५०० कामदारले | रु १०,०००/- |


